# संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको आंशिक आवश्यकता

पूरा गर्नको लागि तयार पारिएको

**शोधपत्र**


शोधकर्ता

पुरुषोत्तम न्यौपाने

त्रि.वि.वि.रजिष्ट्रेसन नं. ९-२-४७९-२२५-२००५

परीक्षा रोल नं. : ७५२४३०५६


प्रस्तुत


त्रिभुवन विश्वविद्यालय

हेटौंडा क्याम्पस, हेटौंडा

हेटौंडा, मकवानपुर

२०८१

## शोध निर्देशकको सिफारिस

**शोधार्थी पुरुषोत्तम न्यौपाने**ले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत हेटौंडा क्याम्पस, हेटौंडा, इ.पि.एम्. विभागमा स्नातकोत्तर तह पूरा गर्नका लागि प्रस्तुत **संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । निकै परिश्रम र लगनशीलताका साथ तयार पारिएको प्रस्तुत शोधपत्रप्रति म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................

राम बहादुर भण्डारी

शोध निर्देशक

उप-प्राध्यापक

ई.पि.एम् विभाग

हेटौंडा क्याम्पस

8th July, 2024

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, हेटौंडा क्याम्पस, हेटौंडा, शैक्षिक योजना तथा व्यवस्थापन विभागको विभागको **पुरुषोत्तम न्यौपाने**द्वारा प्रस्तुत **'संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन'** शीर्षकको शोधपत्र शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तहको लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

रामु कँडेल ........................
सहायक प्राध्यापक — अनुसन्धान समिति प्रमुख
हेटौँडा क्याम्पस, हेटौँडा

राम बहादुर भण्डारी
उप प्राध्यापक ........................
हेटौँडा क्याम्पस, हेटौँडा — शोधनिर्देशक

सूर्य प्रसाद अधिकारी
उप प्राध्यापक ........................
विश्वविद्यालय क्याम्पस — बाह्य परीक्षक
शिक्षा शास्त्र केन्द्रिय विभाग
कीर्तिपुर

सम्बत : 9th July, 2024

असार २५, २०८०

# कृतज्ञता ज्ञापन

“संस्थागत विद्यालयका शैक्षिक व्यवस्थापन” शीर्षकमा यस शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षासास्त्र सङ्काय स्नातकोत्तर तह शैक्षिक योजता तथा व्यवस्थापन विषय अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि तयार पारिएको हो । शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग, हेटौंडा क्याम्पसप्रति हार्दिक आधार प्रकट गर्दछु ।

यस शोधपत्रको प्रस्तावनादेखि शोधकार्यसम्म तयार पार्ने क्रममा महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव, हौसला एवम् मार्ग निर्देशन गर्नुहुने मेरा आदरणीय गुरु तथा आन्तरिक शोध निर्देशक श्री राम ब. भण्डारी र क्याम्पस प्रमुख देविराम लामा प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै अध्ययन कार्यमा जाँदा सहयोग गर्नुहुने साथीहरु, सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षक, वि.व्य.स. अध्यक्ष, विद्यार्थीहरुप्रति आभारि छु । साथै सल्लाह सुझाब र भाषिक शुद्धता गर्नुहुने गुरु लिलानाथ ढुङ्गेल र शिवराज पराजुलीप्रति धन्यवाद छ ।

अन्त्यमा यस शोधपत्र तार गर्नको लागि अध्ययनको क्रममा शुरुदेखि अन्तिमसम्म सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति मनैदेखि आधारी छु ।

पुरुषोत्तम न्यौपाने

# शोधसार

*प्रस्तुत अध्ययन संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन भन्ने शिर्षकमा तयार गरिएको हो । यस अध्ययनको प्रमुख उद्देश्य भनेको संस्थागत विद्यालयको शैक्षिक विकास तथा व्यवस्थापनमा वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकको भूमिका के कस्तो रहेको छ भनि हेर्नु हो । यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क प्राथमिक स्रोतबाट संकलन गरिएको छ जसको लागि प्रश्नावली , अर्न्तवार्ता र छलफल जस्ता स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनको क्रममा विभिन्न प्रश्नावली तयार गरी विद्यार्थी , प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट तथ्याङ्क संकलन गरिएको छ ।*

*यस अध्ययनबाट विद्यालयको विकास तथा व्यवस्थापनमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षको भुमिका खासै महत्वपूर्ण पाइएको छैन । विद्यालय भनेको ज्ञान आर्जन गर्ने ठाउँ हो तर संस्थागत विद्यालय नाफामुखी भएको कारणले शिक्षा प्रदान गर्नु भन्दा नाफा आर्जन तर्फ संस्था अग्रसर भएको पाइयो ।*

*संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन तथा विकासमा आइपरेका समस्याहरु समाधान गर्नको लागि विभिन्न छलफल कार्यक्रम, तालिम कार्यक्रम सञ्चालन गर्दै आउने दिनमा अगाडी बढ्नु पर्ने देखिन्छ । अझै संस्थागत विद्यालयको व्यवस्थापन तथा विकासको लागि प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विभिन्न सरोकारवाला, अभिभावकहरुबिच दोहोरो सञ्चार कार्यक्रम संचालन आवश्यक देखियो । त्यस्तै विद्यालयको विकासको लागि विभिन्न समस्याहरु समाधान गर्दै अघि बढ्नु पर्दछ जसको लागि नीतिगत तह, अनुसन्धान तह र कार्यान्वयन तह गरि तीन किसिमबाट विभाजन गरि व्याख्या गरिएको छ ।*

# विषयसूची


| | |
|---|---|
| सिफारिस पत्र | II |
| स्विकृत पत्र | III |
| कृतज्ञता ज्ञापन | IV |
| शोधसार | V |
| विषयसूची | VI |
| **परिच्छेद एक** | |
| **परिचय** | **१-११** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अनुसन्धनात्मक प्रश्नहरु | १० |
| १.६ अध्ययनको परिसीमा | १० |
| १.७ मुख्य शब्दावलीको परिभाषा | ११ |
| **परिच्छेद दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | **१२-२३** |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | २० |
| २.३ अध्ययनको पुनरावलोकनको उपादेयता | २२ |

**परिच्छेद तिन**

**अध्ययन विधि र प्रकृया** **२४-२९**

३.१ अनुसन्धनात्मक ढाँचा २४

३.२ अध्ययनको जनसंख्या र नमूना छनोट २४

३.३ तथ्याङ्कको स्रोत २५

प्राथमिक तथ्याङ्क २५

द्वितिय तथ्याङ्क २५

३.४ तथ्याङ्क संकलनका साधनहरु २६

अर्न्तवार्ता सूची २६

प्रश्नावली २६

दस्तावेज पुनरावेदन २७

डायरी टिपोट २८

समूह छलफल २८

३.५ तथ्याङ्क संकलन प्रक्रिया २८

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २९

**परिच्छेद चार**

**तथ्याङ्कको व्याख्या तथा नतिजाको विश्लेषण** **३०-४९**

४.१ संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था ३०

भवन तथा कक्षा कोठाको अवस्था ३१

खेलमैदान र पुस्ताकलयको व्यवस्था ३२

शौचालय, पिउने पानी र चमेना गृहको व्यवस्था ३२

४.२ संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ., वि.व्य.स. को भूमिका ३३

शैक्षिक सामाग्री ३३

शैक्षिक योजनाहरुको निर्माण र कार्यान्वयन ३४

विद्यालयको सिकाई वातावरण ३६

कक्षा सञ्चालन र शिक्षक उपस्थिती ३७

कक्षा अवलोकन निरीक्षण र पृष्ठपोषण ३७

समस्यामुलक तथा कमजोर विद्यार्थीका लागी गरिने व्यवस्था ३९

विद्यार्थी अभिलेख तथा मूल्याङ्कनको अवस्था ४०

४.३ विद्यालयको शैक्षिक उन्नतीमा प्र.अ. तथा वि.व्य.स. को भुमिका ४१

सरोकारवालाहरुसँगको सम्बन्ध ४१

कक्षा अवलोकन पछी शिक्षकहरुलाई पृष्ठपोषण प्रदान ४१

शिक्षक तालिम ४२

प्रशासनिक नेतृत्व ४२

शैक्षिक विधी ४२

मुल्याङ्कन ४३

४.४ विद्यालयको शैक्षिक व्यवस्थापनमा आईपरेका समस्याहरु ४३

व्यवस्थापनमा आईपरेका समस्याहरु ४३

नेतृत्व क्षमतामा कमि ४४

समुदायबाट सहयोगमा कमि ४४

शैक्षिक सामाग्री व्यवस्थापनमा कमि ४४

सेवामुखी सोचको विकास ४५

शैक्षिक वातावरणको अभाव ४५

आवश्यकता अनुसारको भौतिक एवम् शैक्षिक सामाग्रीको कमि ४५

४.५ विद्यालयको शैक्षिक विकासमा प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुलाई आईपरेका समस्याको समाधान ४६

व्यवस्थापनमा जोड दिनुपर्ने ४६

विद्यालयमा सक्षम नेतृत्व हुनुपर्ने ४७

समुदाय वा अभिभावकलाई सक्रिय बनाउदै जानुपर्ने ४७

पर्याप्त शैक्षिक सामाग्रीको उपलब्धता शैक्षिक विकासमा प्रभावकारी भुमिका ४७

नाफामुखी सोचको अन्त्य ४८

विद्यालयमा शैक्षिक वातावरण कायम ४८

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझावहरु** **५०-५४**

५.१ निष्कर्षहरु ५०

५.२ सुझावहरु ५२

नीतिगत तह ५१

कार्यान्वयन तह ५३

अनुसन्धान तह ५४

सन्दर्भ सामाग्री ५५

अनुसूचिहरु ५६-७१

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव विकासको एक मात्र महत्वपूर्ण पक्ष शिक्षा हो । शिक्षा प्राप्त गरिने औपचारिक थलो विद्यालय हो । विद्यालयले बालवालिकाहरुको बौद्धिक र मानसिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालयले शैक्षिक उद्देश्य प्राप्त गर्न विद्यालय व्यवस्थापनमा ध्यान दिनुपर्ने हुन्छ । यस अन्तर्गत पनि विद्यालय व्यवस्थापनको विशेष महत्व हुन्छ । समाजको परिवर्तन व्यक्तिको आवश्यकता एवम् चाहनाहरुमा आउने परिवर्तनमा निर्भर हुन्छ । जवसम्म व्यक्तिले आफैँलाई आवश्कता अनुसार परिवर्तन गर्न सक्दैन तवसम्म उसले आफ्नो चाहनाहरुलाई पूरा गर्न पनि सक्दैन । यसरी व्यक्तिलाई आवश्कता अनुसार परिवर्तन गराउने अनिवार्य शर्त शिक्षा हो । वास्तवमा शिक्षाको उद्देश्य भनेकै व्यक्तिको अन्तरनीहित क्षमतालाई प्रष्फुटित गराई उसको व्यवहारमा परिवर्तन ल्याउनु हो । शिक्षालाइ ज्ञान र चेतनाको संवाहक, आर्थिक, सामाजिक परिवर्तन ल्याउनु हो । शिक्षालाई ज्ञान र चेतनाको संवाहक, आर्थिक, सामाजिक परिवर्तनको मेरुदण्ड तथा सिपयुक्त, सक्षम र दक्ष मानविय संसाधन निर्माणको आधार मानिन्छ । जहाँ शिक्षाको आधार कमजोर छ, त्यहाँ स्तरउन्नतिको आधारहरु पनि अपूर्ण हुन्छन् ।  अपेक्षित मात्रामा दक्ष मानव संसाधनको स्तरउन्नति भएको मुलुकले नै अन्य प्राकृतिक एवम् भौतिक संसाधनको उचित सदुपयोग गरी स्तरउन्नती भएको मुलुकले नै अन्य प्राकृतिक एवम् भौतिक संसाधनको उचित सदुपयोग गरी स्तरउन्नती निर्माणका कार्य गर्न सक्छन् । शिक्षाको महत्व र गरीमालाई आत्मसाथ गरेर नै शिक्षा प्राप्ती सर्वव्यापी र जीवनपर्यत्न प्रकृयाको रुपमा लिनुको साथै यसलाई मानवको नैसर्गीक अधिकारको रुपमा समेत स्वीकारिएको छ ( विष्ट, २०६७) ।

नेपालमा शिक्षा स्तरउन्नतिको ऐतिहासिक स्तरउन्नति  क्रमलाई हेर्ने हो भने ऋषीकुल, पितृकुल, गुरुकुल आदी शिक्षा पद्धती शुरुमा प्रचलनमा थिए । शिक्षाको केन्द्रविन्दुहरु मठ, मन्दिर गुम्बा, चैत्य, आफ्नै घर, चौतारा आदी हुन्थे । आफू भन्दा अग्रज गुरु , पिता, दाजु आदीले आफूले जाने बुझेका ज्ञानसीप एवम् मूल्य मान्यताहरुलाई आफ्ना आगामी पिढीहरुमा

हस्तान्तरण गर्ने प्रचलन थियो । समयको परिवर्तन संगै मानिसका आवश्यकता एवम् चाहानामा आएको बढोत्तरी एवम् विविध सामाजिक जटिलताको फलस्वरुप औपचारिक शिक्षा पद्धतीको स्तरउन्नती अनिवार्य अवस्थामा बन्न पुग्यो । वि.सं. २०१० मा श्री ३ जंगबहादुर राणाले काठमाण्डौंको थापाथलीमा राणा परिवारलाई अंग्रेजी सिकाउने उद्देश्यले एउटा अंग्रजी विद्यालयको स्थापना गरेको पाईन्छ । सो विद्यालयको व्यवस्थापन एवम् सञ्चालन गर्न सहज होस भन्ने हेतुले उनले मि. रोसलाई प्रधानाध्यापकको रुपमा नियुक्त गरेको पाईन्छ । तत्पश्चात जंगबहादुरका भाइछोराहरुले नेपालको शैक्षिक स्तरउन्नतिमा थोरै बहुत योगदान गरेकै देखिन्छ । जीतजंग ले वि.सं. १९३९ मा खोलेको रानीपोखरी संस्कृत पाठशाला सरकारी अनुदानबाट चल्ने नेपालको पहिलो पाठशाला मानिन्छ । त्यसपछि देव सम्सेर, चन्द्रसमशेर आदीले पनि विभिन्न विद्यालय एवम् कलेज स्थापना गराएको इतिहास छ । वि.सं. २००७ प्रजातन्त्रको स्थापना पश्चात हालसम्म शिक्षाका स्तरउन्नतिमा विभिन्न महत्वपूर्ण कार्यहरु भएका छन् । वि.सं. २०११,२०१८, २०२८, २०४९, २०५५ आदीमा बनेको विभिन्न शिक्षा आयोगहरु र तिनीहरुले पेश गरेका प्रतिवेदनहरुको आधारमा शिक्षा क्षेत्रमा उल्लेख्य परीवर्तन एवम् स्तरउन्नति भएको पाईन्छ (पौडेल, २०५१) ।

औपचारिक शिक्षाको आधारको रुपमा रहेको विद्यालयहरुलाई नेपाल सरकारले संस्थागत र सामुदायिक गरी दुई भागमा विभाजन गरेको छ । सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा  अनुदान पाउने निश्चित शिक्षक दरबन्दी भएका स्वीकृती प्राप्त विद्यालय भन्ने बुझिन्छ भने संस्थागत विद्यालय भन्नाले त्यस्ता सुविधा प्राप्त गर्न नसक्ने निजी प्रयासबाट सञ्चालित विद्यालय भन्ने बुझिन्छ । प्रजातन्त्रको स्थापना पश्चात गाउँ देखी शहरसम्म विद्यालय खोल्ने लहर शुरु भयो । त्यसरी खुलेका विद्यालयलाई २०२८ सालको शिक्षा योजनाले सरकारीकरण गरेपश्चात निजी लगानीमा खोलेको विद्यालयलाई न्युनिकरण गरेको पाईन्छ । तथापि बदलिँदो परिवेश सँगै विद्यार्थीका इच्छा आकांक्षा र ५ चाहनालाई सरकारी विद्यालयले मात्र पुरा गर्न नसक्ने भएकाले २०३८ साल पश्चात संस्थागत वा निजी विद्यालय खोल्ने क्रम सुरु भएको देखिन्छ ।

विद्यालय तहमा बार्षिक बजेटको लगभग १७ प्रतिशत रकम सरकारले खर्च गरिरहेको छ भने स्थानीय तहहरुले आफ्नो बजेटको ठूलो भाग शैक्षिक क्षेत्रमा नै लगानी गरिरहेकै छ । विशेष गरी यी र यस्ता सम्पूर्ण लगानीहरु सामुदायिक विद्यालयमा हुने गरेका छन् र पनि सामुदायिक विद्यालयको गुणस्तर र प्रभावकारितामा भने उल्लेख्य सुधार आउन सकेको छैन । विद्यालय तहको परीक्षा एस.इ.इ मा संलग्न सामुदायिक विद्यालयका विद्यार्थीहरुको ठुलो हिस्सा बर्षेनी असफल हुँदै आएको अवस्था छ भने निजी विद्यालयका लगभग सबै जसो विद्यार्थीले परीक्षा उत्तीर्ण गरेको पाईन्छ । तसर्थ पनि सरसर्ती हेर्दा निजी विद्यालयहरु राम्रोसँग सञ्चालन भइरहेको र सफलतापूर्वक अगाडी बढेको जस्तो देखिएतापनि शैक्षिक व्यवस्थापन, अधिकार प्राप्त प्रधानाध्यापक, सामुदायिक नेतृत्व आदीको अभावले गर्दा वास्तवमा निजी विद्यालयले दिएको नतिजा कत्तिको वैज्ञानिक र प्रभावकारी छ भन्ने ठाउँमा शंका रहन्छ । मकवाानपुर जिल्लाको कुरा गर्दा शैक्षिक एवम् व्यवस्थापकीय नेतृत्वको अभावमा केहि संस्थागत विद्यालयको वास्तविक प्रगतिमा शंका पैदा भएको छ ।

नेपालको प्रचलित शैक्षिक अभ्यास अनुसार एवम् बनेका शैक्षिक नीति नियमका आधारमा हेर्ने हो भने कुनैपनि विद्यालय त्यो सामुदायिक होस वा संस्थागत त्यसको शैक्षिक प्रगतिमा प्रधानाध्यापक, र वि.व्य.स. को धेरै ठुलो भूमिका रहन्छ । प्रधानाध्यापक र वि.व्य.स.का व्यक्तिहरु दैनिक प्रशासनिक तथा शैक्षिक, भौतिक व्यवस्था, अभिलेख, व्यवस्थापन, प्रतिवेदन, जनसम्पर्क लगायतका महत्वपूर्ण कार्य गर्नुपर्ने हुँदा पनि विद्यालयको शैक्षिक प्रगतिको परिवेशमा प्रधानाध्यापक र वि.व्य.स.को अहम भूमिका रहेको कुरा कसैले पनि अस्विकार गर्न सक्दैन ।

संस्थागत विद्यालय भनेको बिभिन्न लगानीकर्ताहरुले संयूक्त लगानीमा व्यक्तीगत, समुहगत मुनाफा कमाउने अभिप्रायले सञ्चालन गरिएको निजी विद्यालयहरु, शैक्षिक संस्थाहरु नै संस्थागत विद्यालयहरु हुन् ।

नेपालमा आधारभूत संस्थागत विद्यालयको लागि २,५०,०००।- रुपैंया र माध्यमिक विद्यालय खोल्नको लागि ५,००,०००।- रुपैया धरौटी स्वरुप राख्नु पर्ने नितीगत व्यवस्था छ ।

त्यस्तै “व्यवस्थापन एक छुट्टै प्रक्रिया हो जसमा योजना, कार्यान्वयन र नियन्त्रण समावेश हुन्छन् । साथै उद्देश्यहरु निर्धारण तथा सो को प्राप्ती मानिस तथा अन्य साधनहरुको प्रयोगद्धारा

गरिन्छ ।"  (टेरी (१९९०), शर्मा (२०४६) द्वारा उद्धृत) यस अर्न्तगत योजना, संगठन, कर्मचारी व्यवस्था, निर्देशन, समन्वय, नियन्त्रण र बजेट पर्दछन् ।

विद्यालय सिकाइको मूल थलो हो । तर विद्यालय सिकाइको थलोका रुपमा तब विकास हुन्छ जब त्यहाँ विद्यार्थी धेरै समय बस्न रुचाउँछन् र उनीहरुको प्रत्यक्ष र अप्रत्यक्ष रुपबाट सिक्ने अवसर पाएका हुन्छन् । विद्यालयलाई सिकाइ वातावरण सिर्जना हुन सक्ने किसिमवाट व्यवस्था गर्नु पर्दछ । विद्यालयको व्यवस्था आकर्षक र सिक्न योग्य वातावरण बनाउन सकिएमा शिक्षक तथा विद्यार्थीहरुको आपसी सम्बन्ध राम्रो हुन गई प्रभावकारी शिक्षणका निम्ति अनुकुल वातावरणको सिर्जना हुन्छ ।

विद्यालयमा विद्यार्थी सहभागिता उच्च राख्न र शैक्षणिक क्रियाकलापहरुलाई अर्न्तक्रियात्मक रुपले संगठित गरी शिक्षण प्रक्रियालाई अगाडि बढाउन सहज वातावरण तयार गर्नु विद्यालय व्यवस्थापन हो । सहज र आकर्षक वातावरणवाट विद्यार्थीहरुले विविध प्रकारका सिकाई अनुभवहरु प्राप्त गर्न सक्दछन् । प्रभावकारी विद्यालय व्यवस्थापनले विद्यार्थीहरुलाई व्यक्तिगत रुपमा साथै अर्न्तक्रियात्मक तथा प्रयोगात्मक रुपमा सिक्न मद्दत पुऱ्याउँछ । विद्यार्थीहरुलाई सहभागिता मूलक किसिमले अर्थपूर्ण तरिकावाट सिकाइन्छ भने त्यो नै बाल केन्द्रित र बाल मनोवैज्ञानिक विधि हुन सक्छ । यसका लागि शिक्षक, शिक्षार्थी, विद्यालयको व्यवस्थापन र प्रशासकिय पक्षले विद्यालयको राम्रो व्यवस्थापन गर्नु पर्दछ ।

सामान्यतया मानवीय संसाधनलाई कुशलतापूर्वक काम गराउनुलाई व्यवस्थापन भनिन्छ । संगठनमा कार्यरत व्यक्तिहरुसँग मिलेर कार्यगरी सन्तोषजनक सफलता प्राप्त गर्ने कला नै व्यवस्थापन हो । कुशलतापूर्वक मानवीय स्रोतको व्यवस्थापन गर्नुलाई नै व्यवस्थापन भनिन्छ । तर यसरी व्यवस्थापनलाई मानवीय स्रोतसँग मात्र जोडेर अर्थ लगाउनु यसलाई साघुँरो घेरामा बन्द गर्नु हो । कारण व्यवस्थापनमा मानवीय क्रियाकलाप मात्र समावेश नभइ अन्य क्रियाकलापहरु पनि पर्दछन् ।

शैक्षिक व्यवस्थापनले शिक्षण कार्यलाई निर्वाद रुपमा अगाडी बढाउन आवश्यक पर्ने सम्पूर्ण पक्षहरुको समुचित ढङ्गले प्रबन्ध मिलाउने भएकाले उपयुक्त शैक्षिक व्यवस्थाको अभावमा पाठ्यक्रमले तोकेको शैक्षिक उपलब्धी हासिल गर्न सकिदैन । यति मात्र हैन शैक्षिक

व्यवस्थापनबाट सिकाइमा आइपर्ने समस्याहरुको समुचित सम्बोधन गरी तोकिएको समयमा कार्य सम्पन्न गर्न समेत सहयोग पुग्ने हुँदा सिकाइको सन्दर्भमा शैक्षिक व्यवस्थापन अत्यन्त महत्वपूर्ण मानिन्छ। शैक्षिक संस्थाको उचित व्यवस्थापनले समग्र शैक्षिक संस्थाकोनै मूल्याङकन् गर्ने हुन्छ तसर्थ उचित व्यवस्थापन हुन सकेमा शैक्षिक गुणस्तरमा पनि उल्लेखनिय वृद्धि हुने पाईन्छ ।

इनसाइक्लोपेडिया अफ एडुकेशन रिसर्च (१९९७) का अनुसार “शैक्षिक व्यवस्थापन भनेको कार्यकर्ताहरुको प्रयासमा सामञ्जस्य स्थापित गर्नु र उपयुक्त सामाग्रीहरुलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा युवाहरुको विकासमा मात्र नभै वयस्क र विशेषगरी विद्यालयका कार्यकर्ताहरुको विकासमा चासो राख्दछ ।”

सबै प्रकारका संगठनहरुमा व्यवस्थापनको खाँचो पर्दछ। व्यवस्थापन हरेक संगठनको विकासको लागि आवश्यक पर्ने कुरा हो । यसको अभावमा मानवीय संसाधन आर्थिक साधन, सञ्चार साधन, भौतिक साधन आदिका बिचमा तालमेल वा समन्वय हुन सक्दैन। व्यवस्थापनको धारणा परिवर्तनशील छ । जहाँ सम्म शैक्षिक व्यवस्थापनको कुरा छ, शैक्षिक संगठनहरुलाई सफलता पूर्वक सञ्चालन गर्ने प्रक्रियाको रुपमा व्याख्या गरिएको छ । अन्य संगठनमा जस्तै शैक्षिक संगठन भित्र पनि शैक्षिक उद्देश्य प्राप्तीका लागि सम्पूर्ण सदस्यहरु क्रियाशील रहेका हुन्छन् । योजना बनाउनु, संगठन बलियो पार्नु, नियुक्ति गर्नु, सञ्चार गर्नु, निर्णय गर्नु, नेतृत्व गर्नु, अभिप्रेरणा दिनु, समस्या समाधान गर्नु, नियन्त्रण गर्नु आदि जस्ता प्रक्रियाहरु शैक्षिक व्यवस्थापन भित्र पनि पर्दछन् ।

समुदायमा सञ्चालित विद्यालयहरू चाहे सस्थागत होस वा सार्वजनिक होस् दुवै विद्यालयको सञ्चालनार्थ व्यवस्थापनको जिम्मा समुदायलाई हस्तान्तरण गर्दैमा शैक्षिक गुणस्तर सुध्रन्छ भन्ने होइन । विद्यालयको व्यवस्थापकीय पक्षलाई समृद्ध बनाउन नसकेसम्म कुनैपनि विद्यालयको शैक्षिक गुणस्तर समृद्ध हुन सक्दैन । तसर्थ, प्रस्तुत अध्ययनमा संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन कसरी गरिएको छ, शैक्षिक व्यवस्थापन गर्दा आइपर्ने कठिनाइहरु के के छन्, शैक्षिक व्यवस्थापनले गुणस्तरीय शिक्षाका लागि कस्तो सहयोग गरेको छ, सामाजिक समन्वय कसरी गरिएको छ तथा विद्यालयहरु समुदायमा हस्तान्तरित भएर

शैक्षिक गुणस्तर बढ्छ भन्ने कुरा सावित हुन सक्यो वा सकेन आदि कुराहरुको खोजी गर्न प्रस्तुत अध्ययन केन्द्रित छ ।

नेपालमा पनि विश्वव्यापी प्रभाव र समयको विकाससँगै शिक्षामा राज्यको लगानी बढ्नुपर्दछ भन्ने मान्यता आयो । क्रमश : शिक्षालाई अधिकारको रुपमा ग्रहण गर्न थालियो । शिक्षाको समग्र विकासको बाटो हेर्दा सर्वप्रथम व्यक्ति र समुदायबाट भएको लगानीले क्रमशः राज्य र संगठित निकायबाट लगानी पाउन थाल्यो । यसमा व्यक्तिको लगानी पनि जाडिन पुग्यो । राज्यले शिक्षामा लगानी बढाउनु पर्छ  भन्ने मान्यता बलियो बन्न पुग्यो । जसको फलस्वरुप शिक्षामा लगानी बढ्न   थाल्यो । नागरिकको शिक्षाका लागि राज्य जिम्मेवार बन्नु पर्दछ भन्ने मान्यता बलियो बन्दै जान थाल्यो । समयको क्रमसँगै व्यक्तिको लगानी उत्तिकै मात्रामा आवश्यक हुन्छ । शिक्षाको तह स्वरुप र प्रकृति अनुरुप लगानीको मात्रा फरक फरक हुन सक्ला तर शिक्षामा राज्य र व्यक्ति दुबैको लगानी अपरिहार्य हुन्छ भन्ने मान्यता बलियो भएर आयो ।

विगत केहि दशकदेखि शिक्षामा लगानीको दवाव पर्दै आएको छ । विकसित र विकासशील दुबै प्रकारको देशले भोग्दै आएको समस्याका रुपमा शिक्षामा लगानी पनि एक हो । विद्यालयको संस्थागत स्तरउन्नति र शैक्षिक उपलब्धी सामान्यतया प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षको व्यवस्पकिय क्षमता र नेतृत्वमा भर पर्दछ । प्रचलित व्यवस्थापकिय अभ्यास अनुसार प्रधानाध्यापक र वि.व्य.स. विद्यालयको शिर्ष अंग हो यसअर्थमा पनि एउटा विद्यालयको समग्र शैक्षिक अध्ययन, अनुसन्धान गर्नु एकदमै सान्दर्भीक देखिन्छ । विद्यालयले राम्रो गर्दा प्रशंसा र नराम्रो गर्दा गालीको पहिलो भागीदार प्रधानाध्यापक नै हुने गर्दछ । अझ संस्थागत विदालयहरु त निश्चित व्यक्ति वा संस्थाको मातहतमा संचालन हुने गर्दछ । संस्थागत विद्यालयहरुमा कुनैपनि निर्णय लिनको लागि वि.व्य.स. को आवश्यकता पर्ने हुन्छ । संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनको बर्तमान अवस्था कस्तो छ ?  संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा देखिएका समास्याहरू कसरी समाधान गर्न सकिन्छ ? यी र यस्तै सान्दर्भीक प्रश्नहरुको सेरोफेरोमा रहेर 'संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन' भन्ने शिर्षकमा यो सोधकार्य सम्पन्न गरिएको छ ।

## १.२. समस्याको कथन

हाम्रो देश नेपालमा चार हजार भन्दा बढी संस्थागत विद्यालयहरु संचालित छन् । त्यस्ता विद्यालयहरुको सम्पूर्ण शैक्षिक र प्रशासनिक पक्षको नेतृत्व प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षले गर्ने गर्दछ । सामुदायिक विद्यालयहरुमा सम्पूर्ण पक्ष जस्तै आर्थिक, भौतिक, मानविय पक्ष आदिमा मुख्य दायित्व सरकारको हुने गर्दछ । तर संस्थागत विद्यालयको हकमा यी यावत पक्षहरुमा विद्यालय खुद जिम्मेवार हुनै पर्दछ र त्यसको नेतृत्वमा वि.व्य.स. र प्रधानाध्यापक हुने हुँदा एउटा संस्थागत विद्यालयको उन्नती, प्रगती, स्थायीत्व लगायतमा प्रधानाध्यापकको ठूलो भूमिका रहन्छ । आर्थिक, भौतिक मानविय एवम् शैक्षिक संशाधनहरु उपलब्ध भएर मात्र पनि हुँदैन । तिनीहरुलाई कुशलतापूर्वक परीचालन गरी त्यसबाट अधिकतम लाभ लिने कुरा मुख्यत नेतृत्कर्ताको व्यवस्थापनमा भर पर्दछ ।

अहिलेको वैज्ञानिक युगमा शिक्षा विनाको स्तरउन्नतिको परिकल्पना गर्न सकिदैन । निकै नै प्रतिस्पर्धात्मक बन्दै गएको आजको यूगमा गुणात्मक र आत्मनिर्भरतामा आधारित शिक्षा प्रदान गर्नु हरेक शैक्षिक संस्थाको दायित्व हो । नितान्त परम्परागत ढंगबाट सञ्चालित विद्यालयहरुले यस प्रकारको गुणात्मक शिक्षा प्रदान गर्ने कुरा असम्भव प्राय छ । अझ नेपालको सन्दर्भमा कुरा गर्नुपर्दा सरकारी स्वामित्वमा सञ्चालित विदालयमा प्रशासनिक एवम् व्यवस्थापकिय पक्षमा हुने राजनैतिक नियुक्ति एवम् हस्तक्षेपको कारण गुणात्मक एवम् वैज्ञानिक शिक्षा दिने कुरा त एकादेशका कथा बनेको छ । यस्तो अवस्थामा गुणात्मक र भरपर्दो शिक्षा दिने कुरामा संस्थागत क्षेत्रबाट सञ्चालित विद्यालयहरुको भूमिका अहम रहन्छ र पनि देशको संक्रमणकालिन राजनैतिक स्थितिको कारण शिक्षा नीति निर्माणमा देखिएका अस्पष्ट आदकिो कारण सस्थागत विद्यालयहरुले पनि ढुक्क संग शैक्षिक गुणात्मकताको बाटोमा अघि बढ्न सकेको अवस्था छैन । यस्तो अवस्थामा संस्थागत विदालयका सञ्चालकहरु व्यवस्थापकिय पक्ष एवम् प्रधानाध्यापक र वि.व्य.स.ले गर्ने निर्ढायहरु एवम् नेतृत्व क्षमताले नै शैक्षिक गुणात्मकताको उचाई निर्धारण गर्दछ ।

विद्यालयमा व्यवस्थापन प्रभावकारी र समुदायको विश्वास जित्ने खालको हुनुपर्छ । व्यवस्थापन नै संगठनको मूल आधार हो । संगठनको लक्षित उद्धेश्य पुरा गर्नका लागि स्रोतहरूको पहिचान

र प्रभावकारी बाँडफाँडका लागि व्यवस्थायकीय पक्ष चुस्त दुरूस्त हुन आवश्यक छ । शैक्षिक लगनीबाट देखिने प्रतिफल आउन समय लाग्दछ सरकारी लगानी विगतको तुलनामा बढाइएको छ । लगानीको तुलनामा शैक्षिक गुणस्तर सन्तोषप्रद देखिदैन ।

खनिया (२००७) का अनुसार नेपालको सन्दर्भमा शिक्षामा गुणस्तर विकासका लागि विगतको दुई दशकमा आन्तरिक र बाह्य स्रोतको परिचालन गरि शिक्षामा लगानी गरेको छ। सार्वजनिक विद्यालयमा भएको कक्षा कोठाको विधार्थी चाप शिक्षककहरूको वर्गीकरण जस्तै स्थायी निजी करार राहत अस्थायी पि.सी.एफ. कोटा जस्ता कुराले मतभिन्नता हुने गर्दछ । पर्याप्त शैक्षिक मतभिन्नता हुने गर्छ । पर्याप्त शैक्षिक सामाग्रीको अभाव पेशाप्रति प्रतिवद्धताको कमी राजनीतिक उथुलपुथुल को प्रभाव जस्ता कारणहरूवाट संस्थागत विद्यालयको शैक्षिक उपलब्धि सन्तोषजनक नभएको देखिन्छ । शिक्षामा अभिभावकले थप लगानी गर्ने समुदायको पहुँचमा भएको विद्यालयमा बालबालिका लाई पढाउन छाडी नीजि क्षेत्रद्धारा सञ्चालित विद्यालयमा पठाउन थाल्नु विभिन्न प्रकारका संस्थागत विद्यालयहरू खोल्न थालिएको छ ।

वर्तमान परिप्रेक्ष्यमा संस्थागत विद्यालयहरू प्रसस्त मात्रमा खुल्दै गएका छन् ति विद्यालयको व्यवस्थापकीय कार्यमा धेरै नै कमि कमजोरीहरु देखिएका छन् । यस्तो स्थितिमा विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिरहेको अवस्थामा प्रस्तुत अध्ययनले शैक्षिक द्ध व्यवस्थापन कसरी गर्ने र कुन कुन कुराहरुलाई शैक्षिक व्यवस्थापन भित्र राखेर गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने कुरालाई दिशानिर्देश गर्नेछ जसका लागि प्रस्तुत अध्ययनले सहयोग गर्न सक्ने देखिन्छ । विशेष गरेर यस अध्ययनले शैक्षिक व्यवस्थापन अन्तर्गत समय र दवाव व्यवस्थापन, समूह व्यवस्थापन, नेतृत्व व्यवस्थापन, शैक्षिक सामग्री, कक्षाकोठा, शैक्षिक क्रियाकलापको व्यवस्थापन आदि विषयमा अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

विश्वव्यापीकरणको कारणले विश्वबजार एउटै बजारमा परिणत भएको आजको अवस्थामा सम्पुर्ण मानवजीवनलाई सार्थक बनाउने समाजलाई सार्थक उन्नतशिल बनाउन सबै प्रकारको मानवीय स्रोत उत्पादनको एक मात्र उपाय भनेको गुणस्तरीय शिक्षा हो । गुणस्तरीय शिक्षाकै

माध्यमले उत्पादित वस्तु तथा सेवा राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा स्थापित र प्रतिस्पर्धि गराउन सकिन्छ ।

गुणस्तरिय शिक्षा प्रदान गरि असल नागरिक उत्पादन गर्ने गहन दायीत्व शिक्षा क्षेत्रमा लाग्ने पेशागत कर्मचारी र शिक्षकको पर्दछ । शिक्षाको स्तर उकास्न नीति निर्माणको तहमा राज्यको दायीत्व पनि उतिकै मात्रामा विर्सन हुँदैन । यीनै कुरालाई अध्ययन गर्दै राज्यले आधारभूत तह सम्मको शिक्षालाई बढि लगानी गर्ने काम बढ्दै गएको छ । कार्यक्रम र नीतिहरू जतिसुकै राम्रा भएपनि कार्यान्वयन तहमा सुधार नआएसम्म गुणस्तरमा सुधार आउन सक्दैन । शिक्षासंग चर्चा राख्ने सम्पुर्ण पक्षको यस सबन्धमा केही हदसम्म मार्ग निर्देशनको सल्लाह सुझावको रूपमा भूमिका खेल्न सक्ने अपेक्षा राखिएको छ ।

संस्थागत विद्यालयहरूको शैक्षिक व्यवस्थापनको स्थितिको सम्बन्धमा रहेका यथार्थतालाई उजागर गर्नका लागि यस अध्ययनले सहयोग गर्नेछ । अध्ययनकर्ताको आफ्नो आवश्यकता पूरा गर्नुको साथै नीति निर्माण तह साथै विद्यालयसँग प्रत्यक्ष सम्बन्ध राख्ने विद्यालय सञ्चालक तथा यस विषयमा चासो राख्ने अन्यलाई समेत सघाउ पुऱ्याउने छ । यसका अलावा संस्थागत विद्यालयमा अहिलेको अवस्थामा व्यवस्थापकीय क्रियाकलाप कसरी सञ्चालित भएका छन् र प्रभावकारी शैक्षिक व्यवस्थापनको लागि के गर्न सकिन्छ भन्ने कुरालाई यस अध्ययनले दिशानिर्देश गर्ने छ । साथै यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई समेत यस अध्ययनले आवश्यक तथ्य तथ्याङ्क र सूचनाहरु प्रदान गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन्:

१) संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनको बर्तमान अवस्था पत्ता लगाउने,

२) संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनका लागि आवश्यक स्रोत परिचालनको अवस्थाको लेखाजोखा गर्ने ।

३) संस्थागत विद्यालयहरूको शैक्षिक व्यवस्थापन तथा संचालन प्रक्रियामा देखा परेका समस्या पत्ता लगाई समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

निर्धारित उद्देश्य तथा समग्र अध्ययनलाई प्रतिनिधित्व गर्न निम्नानुसारका अनुसन्धानात्मक प्रश्न निर्माण गरी यी प्रश्नहरूका सेरोफेरोमा रही अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।

१) संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ ?

२) संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनको लेखा जोखा गरी प्रभावकारी शैक्षिक व्यवस्थापनको लागि के-कस्ता उपायहरु हुन सक्छन ?

३) संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनका लागि आवश्यक स्रोतहरु के-के हुन् ?

४) विद्यालयको शैक्षिक व्यवस्थापनका लागि आवश्यक स्रोतहरु कहाँ कहाँबाट व्यवस्थापन गर्ने ?

५) संस्थागत विद्यालयहरूको शैक्षिक व्यवस्थापनका सम्बन्धमा के कस्ता समस्याहरू रहेको छन् ?

६) संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा देखिएका समास्याहरू कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन मकवानपुर जिल्लाको हेटौंडा उ.प.म.न.पा. का ४ वटा संस्थागत विद्यालयमा मात्र केन्द्रीत गरिने छ । अध्ययनको जनसंख्याको रूपमा सम्वन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि. ब्य. स पदाधिकारी मात्र रहेका छन्। विद्यालयको शैक्षिक व्यवस्थापन अन्तर्गत विद्यालयको नेतृत्व व्यवस्थापन, स्रोत संकलन र परिचालन, अतिरिक्त क्रियाकलापको व्यवस्थापन, समय र दवाव व्यवस्थापनमा मात्र केन्द्रीत गरिएको छ ।

प्रस्तुत अध्ययन परिमाणात्मक र गुणात्मक दुवै दाँचामा आधारित भएर गरिने भएतापनि मूलतः गुणात्मक ढाँचालाई प्राथमिकता दिइने हुँदा यसबाट प्राप्त निचोड निर्णयात्मक भन्दा सुचनात्मक हुन्छ । यथार्थ निश्चित सानो क्षेत्रमा गरिएको अध्ययन भएको हुनाले प्राप्त निष्कर्षलाई सम्पूर्ण विद्यालयमा सामान्यिकरण गर्न सकिदैन यद्यपी अध्ययनको निष्कर्षलाई विद्यालयको शैक्षिक व्यवस्थापन सम्बन्धमा मार्गदर्शकको रूपमा लिन सकिनेछ ।

## १.७ मुख्य शब्दावलीको परिभाषा

| | |
|---|---|
| स्तरोन्नती | : तत्कालिन अवस्था भन्दा राम्रो र सुधारात्मक अवस्था |
| विद्यालय व्यवस्थापन समिति | : विद्यालयको शैक्षिक, भौतिक, आर्थिक, मानवीय लगायत सम्पूर्ण पक्षको जिम्मेवारी लिएको अभिभावक एवम् शिक्षकहरुको समिति । |
| संस्थागत विद्यालय | : नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमती एवम् स्वीकृति प्राप्त विद्यालय |
| सामुदायिक विद्यालय | : नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने गरी अनुमती एवम् स्वीकृति प्राप्त विद्यालय |
| शिक्षक | : विद्यालयमा अध्यापन गर्ने व्यक्ति |
| प्रधानाध्यापक | : विद्यालयको शैक्षिक एवम् प्रशासनिक नेतृत्वकर्ता |

# परिच्छेद दुईः

# सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस अध्ययनसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरी तिनीहरुलाई तथ्यपूर्ण रुपमा प्रस्तुत गर्नको लागि साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ । साथसाथै कुनैपनि समस्या समाधानको लागि विकल्पहरुको खोजी गर्नको लागि समस्यासँग सम्बन्धित पूर्व साहित्यको समिक्षा अथवा पूर्व साहित्यको अध्ययन गर्नुपर्दछ । तसर्थ, यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित लेख, रचना, अध्ययन अनुसन्धान आदिको पुनरावलोकन र समीक्षा सहित सैद्धान्तिक खाकाबारे छलफल गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

साहित्य पुनरावलोकनले अनुसन्धानको सैद्धान्तिक धरातल सृजना गर्दछ । साहित्य समीक्षाले अनुसन्धानको आधार विन्दु सृजना गर्दछ । यसले अरूले गरेको कार्यहरूको समीक्षा गर्दै सीमाहरूको उल्लेख मात्र गर्दैन बरु गरिन लागेको अनुसन्धानको आवश्यकता र महत्वलाई पनि उजागर गर्दछ श्रेष्ठ, विद्यानाथ , २०५७) प्रस्तुत अध्ययनसंग सम्वन्धित पूर्व साहित्यहरूको अभाव रहेतापनि यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित लेख, रचना, पत्र पत्रिका, सम्प्रेषण एवं अनुसन्धनसँग सम्वन्धित तथ्यहरूको वारेमा अध्ययनको उद्देश्यको आधारमा समीक्षा गरिएको छ ।

मैनाली एवम् ढकालसँग पूर्ण सहमत हुँदै भण्डारी लेख्छन्, संस्थागत विद्यालयको भौतिक तथा शैक्षिक सामाग्रीको व्यवस्थापन, आर्थिक व्यवस्थापन, शिक्षक विद्यार्थीको नियमितता, परीक्षाको परिणाम, पाठ्यक्रमको कार्यान्वयन  जस्ता पक्षहरुमा आ-आफ्नो परिवेश र सिमितताको बाबजुद प्रधानाध्यापकले राम्रै भूमिका निर्वाह गरेको पाईन्छ । त्यसैगरी शैक्षिक योजना निर्माण कक्षा अवलोकन र पृष्ठपोषण, नियुक्ति तथा तालिम र मानव सम्बन्ध व्यवस्थापन एवम् विद्यार्थी मूल्यांकन, अनुशासन व्यवस्थापन, विद्यार्थी परामर्श सेवा जस्ता पक्षहरुमा थप सुधारको आवश्यकता देखिन्छ । उल्लेखित पक्षहरुमा सुधार गर्दे संस्थागत विद्यालयले भोग्नुपरेको आर्थिक, भौतिक, शैक्षिक र मानवीय पक्षको व्यवस्थापन सम्बन्धीत विद्यालयका प्रधानाध्यापकहरुले खास

गरेर अभिभावकहरु, विद्यार्थीहरु, शिक्षकहरु, विदालय व्यवस्थापन समितिका पदाधिकारी एवम् विद्यालय सञ्चालकहरु तथा अन्य विभिन्न सम्पूर्ण सरोकारवालासँग प्रभावकारी र दोहोरो सञ्चार कायम गरी असल मानवीय सम्बन्ध कायम गर्न सक्नुपर्दछ (भण्डारी, मुकुन्द प्रसाद २०६१) ।

त्यसैगरी विष्ट भन्दछन्, शैक्षिक व्यवस्थापनमा पोष्डकर्व को प्रयोग र त्यसको प्रभावकारीतामा विशेष ध्यान पुऱ्याउनु जरुरी छ । उनका अनुसार शैक्षिक व्यवस्थापकलाई पोष्डकर्व सम्बन्धित तालिमको व्यवस्था गर्नुपर्ने, विद्यालयको शैक्षिक पक्षको स्तरउन्नतिको लागि दैनिक पाठयोजना, एकाई योजना निर्माणमा ध्यान दिनुपर्ने एवम् असक्षम एवम् आवश्यक आचारसंहिता पालना नगर्ने शिक्षकलाई कडाईका साथ व्यवहार गर्नुपर्ने, विद्यालय व्यवस्थापनको प्रभावकारीताको लागि विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्ण पक्षलाई बढी भन्दा बढी संगठीत पार्नुपर्ने र योजना संगठन, कर्मचारी व्यवस्थापन, निर्देशन, समन्वय, प्रतिवेदन, बजेटिङ्ग जस्ता पक्षहरुमा व्यवस्थापनमा संलग्न पक्षका क्षमता अभिबृद्धि गर्नुपर्ने कुरा उल्लेख गर्दै प्रधानाध्यापक पदमा सक्षम र दक्ष व्यक्तिलाई आकर्षित गर्न निश्चित आधारमा खुला प्रतियोगिताबाट प्रधानाध्यापक र वि.व्य.स.को छनौट गर्नुपर्ने कुरामा जोड दिनुपर्दछ (विष्ट, मिन बहादुर २०५५) ।

माध्यमिक विद्यालयको व्यवस्थापन सुधारका लागी प्रधानाध्यापकले बार्षिक, साप्ताहिक, दैनिक एकाईगत, शैक्षणिक योजनाहरु निर्माण गरी लागु गर्नुपर्ने आदी जस्ता कुरामा गिरीको विचारसँग नजिक देखिएका रञ्जित भन्दछन्, विद्यालय सुधार योजना निर्माण गर्दा तत्कालीन आवश्यकता, प्राथमिक, दिर्घकालीन सोच, उपलब्ध भौतिक एवम् मानविय श्रोत साधनलाई ध्यान दिई, विद्यार्थी, शिक्षक, अभिभावक लगायत सम्पूर्ण सरोकारवालाहरुलाई संलग्न गराउने, शिक्षकको स्तरउन्नतिका लागि तालिमहरुको व्यवस्था गरी अनुभवहरु आदानप्रदान गर्न लगाउने, प्रधानाध्यापकले विद्यालय व्यवस्थापनको मुख्य जिम्मेवारी लिएर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदीलाई सल्लाहकार र मार्गनिर्देशकको रुपमा राख्ने गर्नुपर्दछ । त्यसैगरी प्रधानाध्यापकले पाठ्यक्रम पाठ्यपुस्तक एवम् अन्य शैक्षिक सामाग्रीको व्यवस्था र प्रयोग, कक्षाकोठा व्यवस्थापन, शिक्षण कार्ययोजना निर्माण, विद्यार्थी मूल्यांकन जस्ता कार्यहरुमा

सहजकर्ताको रुपमा भूमिका खेल्ने तथा शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावकहरुसंग विविध शैक्षणिक विषयमा दोहोरो अन्तरक्रिया गर्ने र छलफलको वातावरण तयार गर्ने एवम् आफूले मात्र गर्न नसक्ने कार्यहरुमा सहायक प्रधानाध्यापक, शिक्षक, विषय समिति आदीलाई जोड दिनुपर्दछ (शर्मा, महाश्रम, २०६७) ।

परिवर्तित समाजको सन्दर्भमा विश्वको विभिन्न समाजको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि परिवतर्नशिल र गतिशिल भूमिका निर्वाह गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । विश्वव्यापारीकरणले संसारमा भइरहेको परिवर्तित घटनाक्रम सँग तादाम्यता राखेर व्यक्ति, समाज र राष्ट्र विकासको लागि लाभ दिन सक्ने ज्ञान, सीप प्रदान गर्नु नै शैक्षिक गुणस्तर हो । त्यस किसिमको शिक्षा प्रदान गर्ने विद्यालय नै गुणस्तरीय विद्यालय हो । विद्यालयमा रहेर सरकारी लगानीको मात्रा, शिक्षक विद्यार्थी अनुपात, शिक्षकको योग्यता, विद्यार्थी शिक्षक उपलब्धीको स्तर, विद्यार्थीले विद्यालय तह पार गर्न लगाएको समयावधि आदिका आधारमा नै विद्यालयको गुणस्तरीयता मापन हुने गर्दछ (पौडेल, लेखनाथ २०५१) ।

डकार फ्रेमवर्क फोर एकसन (२०००) ले विद्यालयको गुणस्तरीयतालाई विद्यालयमा सबै बालबालिकाको पहुँच, टिकाउपन, सिकाइ उपलब्धीको स्तर आदी सँग जोडेका छ । यसका साथै विद्यालयमा अध्ययनरत विद्यार्थीको अपेक्षाकृत व्यवहार, शिक्षण सिकाई प्रक्रियामा उत्कृष्टता, विषयवस्तु तथा सान्दर्भिक पाठ्यक्रम सुशासन र न्यायपूर्ण स्रोतको विनियोजन प्रणालीलाई गुणस्तरका लागी प्राथमिकता दिनुपर्ने बताएको छ । युनेष्को (२०००) ले शिक्षा जान्नको लागि, राम्रो बन्नको लागि, व्यक्ति स्वयं समाज, राष्ट्र  र विश्वकै लागि केहि गर्न सक्नेका लागि र समाज तथा राष्ट्रमा समाजस्यता कायम राख्दै बाँच्न र बस्नका लागि योगदान पुऱ्याउने शिक्षालाई गुणस्तरीय शिक्षाको रुपमा परिभाषित गरेको छ ।

यसैलाई थप विश्लेषण गर्दै युनेष्को २००५ ले शैक्षिक गुणस्तरमा सान्दर्भिकता र प्रभावकारीतालाई समेट्न पर्ने चर्चा गर्दै व्यक्तिले आर्जन गरेको शिक्षा वा सिकेको सीपलाई उसको दैनिक जीवन यापन सञ्चालन गर्न वा पेसालाई जीवनपयोगी बनाउन सान्दर्भिक हुनु पर्ने र कम लगानी वा परिश्रममा बढी प्रतिफल हासिल गर्ने तर्फ जोड दिन वा प्रभावकारिता हासिल गर्नु पर्ने भनेको छ । शैक्षिक प्रभावकारीताले लगानी, प्रक्रिया र उत्पादनको

दृष्टिकोणवाट शिक्षालाई हेर्नुपर्ने धारणा राखेको छ । विद्यालयमा पर्याप्त भौतिक पूर्वाधार, पेसाप्रति समर्पित दक्ष शिक्षक सागै पर्याप्त तथा उपयुक्त शैक्षिक सामाग्रीको उपलब्धता, शैक्षिक नीति हुनु पर्दछ । शैक्षक लगानी भएर मात्रै हुँदैन । शैक्षिक गुणस्तर कायम हुनका लागि विद्यालयको शैक्षिक प्रक्रिया राम्रो हुनुपर्दछ । यदी प्रभावकारी सेवा, शैक्षिक सुपरिवेक्षक, जीवन्त कक्षा शिक्षण सिकाइ क्रियाकलाप भएन भने शैक्षिक लगानीको कुनै औचित्य रहँदैन । शैक्षिक लगानी र प्रक्रियाका आधारमा आशातित लक्ष्य हासिल गर्न सक्ने खालको उत्पादन हुनुपर्दछ । विद्यालय तहमा अध्ययनरत विद्यार्थीले निश्चित तह पार गरे पश्चात उनीहरुको उत्तिर्ण प्रतिशत सँगै उपलब्धि स्तर सामेल अपेक्षित खालको हुनुपर्दछ । औपचारिक रुपमा सबै भन्दा तल्लो निकायको रुपमा विद्यालय रहने भएकोले विद्यालयको गुणस्तर बढ्नु भनेको समग्र शिक्षाको गुणस्तर बढाउनका लागि आधार प्रदान गर्नु हो ।

विद्यालयको समग्र सुधार र शैक्षिक स्तरउन्नतिमा एवम् शैक्षिक गुणस्तर बृद्धिमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिको भूमिकालाई आत्मसाथ गर्दै प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षको जिम्मेवारी दिदा उचित स्थान दिई कुशल योजनाकार, समन्वयकर्ता संगठनकर्ता र प्रशासन क्षमता भएकालाई दिनुपर्ने तथा उनीहरुको क्षमता विस्तारको लागि उचित पेशागत तालिमको व्यवस्था गर्नुपर्दछ । साथै कामको आधारमा उचित दण्ड एवम् पुरस्कारको व्यवस्था गरी उनीहरुलाई बढी जिम्मेवार र उत्तरदायी बनाउन काममा स्वतन्त्रता एवम् स्वायत्तता हुनुपर्दछ (पोखरेल, बाबुराम, २०६५)

विद्यालयको गुणस्तर अभिवृद्धिमा सरोकारवालाको भूमिका तल्लो तह देखि माथिल्लो स्तरमा समेत नयाँ लक्ष्य अनुभव खोज अनुसन्धान एवम् प्रतिवद्धता साथै विद्यालयको गुणस्तर कार्यमा आमुल परिवर्तन र सुधार गर्न तथ्यांकशास्त्रीय आधारमा गुणस्तरको तयार गरी सुधार गर्नुपर्ने आधारहरु समेत प्रक्रियागत रुपमा सञ्चालन गरिन्छ । यसका साथै सांगठनिक संस्कृतिमा राम्रो परिवर्तन गर्नुपर्छ । अनुगमन निरीक्षण र मुल्यांकन गरी गुणस्तर प्राप्त भएको सेवाग्राही मुखी हुनुपर्ने जस्ता महत्वपूर्ण कुराहरु सम्बन्धमा प्रकाश पारेको हुनाले यो अनुसन्धानलाई अमुर्त रुप दिन यी सिद्धान्त उपयुक्त रहेको ठहर छ (लुईटेल, डिल्लीराम २०६२)

संस्थागत विद्यालयहरुको विस्तार तीब्र रुपमा भएको छ । औद्योगीकरणको बढ्दो प्रभाव प्रविधियुक्त औद्योगिकरण, दक्ष र आधुनिक सीपले भरपुर जनशक्तिको माग आदिले उच्च दक्षता भएका तालिम प्राप्त मानवस्रोतको आवश्यकता दिनदिनै बढ्दै गएको छ । शिक्षालाई हेर्ने विविध दृष्टिकोणका कारण शैक्षिक माग तथा लगानीको प्रवृत्तिका बारेमा शिक्षाविद, योजनाकार, शिक्षा प्रशासक तथा शिक्षक र विद्यार्थीहरु समेत हुनु पर्ने अवस्था आएको छ । शिक्षाको विस्तार र विकास, सामाजिक चासो तथा भूमण्डलीय प्रभावका कारण पनि शैक्षिक माग र प्रवृत्तिका बारेमा यथेष्ठ जानकारी हुन आवश्यक छ (कोइराला, विद्यानाथ २०५७) ।

(शर्मा, महाश्रम र लुईटेल, डिल्लीराम ,२०६२) ले गरेको अध्ययनमा विद्यालय व्यवस्थापनको जिम्मा समुदायलाई प्रदान गर्दा सामुदायिक विद्यालयहरुका विद्यार्थी एवं अभिभावकको संलग्नता बढ्ने, विद्यालय सेवा क्षेत्रका बालबालिकाहरुको विद्यालय पहुँचमा वृद्धि हुने, विद्यालय शिक्षाको गुणस्तर तथा सक्षमता अभिवृद्धि हुने, विद्यालय प्रति अपनत्वको भावना विकास हुने, विद्यालयका काम कारवाहीमा पारदर्शिता वृद्धि हुने, विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सामुदायिक संलग्नता रहनुका साथै विद्यालयको सुधारमा सामूहिक दृष्टिकोण निर्माण हुने कुरा उल्लेख गरेका छन् ।

सरकारले विद्यालय व्यवस्थापनको जिम्मा समुदायमा हस्तान्तरण गर्ने नीति स्पष्ट नभएको कारण स्थानीय सरोकारवाला अन्योलग्रस्त अवस्थामा छन् । जसले गर्दा अहिलेको अवस्थामा समुदायमा हस्तान्तरण भइसक्दा पनि विद्यालयको पीडा जस्ताको त्यस्तै रहन पुगेको छ । जसको लागि शैक्षिक व्यवस्थापनको नीति अंगालेर अगाडि बढ्दा बढी लाभदायी र गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोगी हुने देखिन्छ ।

(शर्मा, महाश्रम २०६२) का अनुसार विद्यालयमा केन्द्र र जिल्लाको नियन्त्रण हटाई स्थानीय तहमा निर्णय गर्ने प्रक्रियाको संस्थागत विकास गर्न सकिएमा शैक्षिक स्वायत्तता कायम गर्न सकिन्छ जसले गर्दा विद्यालय तहमा स्रोत र साधनको संकलनमा स्थानिय व्यक्तिहरुको सहभागिता एवं अभिभावकको प्रतिबद्धता बढ्दछ । स्थानीय बासिन्दाको प्रत्यक्ष सहभागिता र प्रतिबद्धताले विद्यालयको शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार आउँछ ।

यसरी प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा समुदायको जवाफदेहिता अभिवृद्धि गराई विद्यार्थीको सिकाइ उपलब्धि सुधारका साथसाथै समग्र रुपमा विद्यालयको प्रभावकारितामा सुधार गर्न विद्यालयमा आधारित व्यवस्थापन प्रणाली सबै विद्यालयमा अवलम्वन गर्नुपर्छ भन्ने अपरिहार्यता बनिसकेको छ ।

भण्डारी, मुकुन्द प्रसाद (२०६१) ले समुदायले विद्यालय आफ्नो हो भनी महसुस नगरिदिँदा र स्रोत परिचालनमा चासो नदेखाएको कारणबाट सामुदायिक विद्यालयको सही व्यवस्थापन हुन सकेन्, समुदायले विद्यालयलाई व्यवस्थित बनाउनका लागि जबसम्म सहयोग गर्न सक्दैन तवसम्म भौतिक तथा व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन भन्ने निचोड विभिन्न परियोजना तथा कार्यक्रमको मूल्याङ्कनबाट पत्ता लागिसकेको हुँदा विद्यालयको व्यवस्थापन पक्षलाई समुदायमा हस्तान्तरण गर्दै जानुपर्छ भन्ने धारणाको विकास भएको हो भन्ने धारणा व्यक्त गरेका छन् ।

वास्तवमा विद्यालयको शैक्षिक सुधार गर्न जनसहभागितालाई सक्रिय तथा निरन्तर रुपमा बढाउँदै लैजानु पर्ने देखिन्छ भने अर्कोतर्फ शैक्षिक प्रशासनलाई व्यवस्थित गर्नको लागि पनि शैक्षिक व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।

विष्ट, मिन बहादुर (२०५५) ले उल्लेख गरे अनुसार प्रजातन्त्र प्राप्ती पछिका दिनहरुमा देखिएका नराम्रा र राम्रा पक्षहरुलाई स्पष्ट रुपमा देखाइएका छन् । सार्वजनिक विद्यालयहरुको व्यवस्थापन तथा उपलब्धिमा दिन प्रतिदिन गिरावट आएको र त्यस्तो व्यवस्थापनबाट खस्कदो शैक्षिकस्तर राष्ट्रकै निमित्त चिन्ताको विषय बन्न पुगको छ । यस लेखको प्रमुख उद्देश्य व्यवस्थापन समितिको गठनका सम्बन्धमा नेपाल सरकारले हालका वर्षहरुमा अवलम्वन गर्दै आएको नीतिका बारेमा उल्लेख गरिएको छ ।

उक्त लेख अनुसार सार्वजनिक विद्यालयको शैक्षिक अवस्था कमजोर हुँदै जानु विद्यालय व्यवस्थापन पक्षका कमीकमजोरीले गर्दा हो भनी निष्कर्ष निकालेको छ । त्यसकारण अहिलेको अवस्थामा विद्यालय व्यवस्थापन मात्र होइन समग्र विद्यालयको शैक्षिक व्यवस्थापनमा जोड दिन सके गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने देखिन्छ ।

साहा, दीन दयाल (२०६९) का अनुसार नेपालमा विद्यालय प्रणालीलाई विद्यालयमा अधारित विद्यार्थी संख्या, कक्षामा भएको सेक्सन संख्या र विद्यालय संख्याका आधारमा शिक्षक वितरण गरिने व्यावस्था शिक्षा ऐन तथा नियमावलीमा गरिएको भएतापनि त्यसलाई कार्यन्वयन गर्न सजिलो छैन । कम विद्यार्थी भएका स्थानमा बढी भएका शिक्षकहरू बढी विद्यार्थी भएका स्थानमा सार्न वा लैजान सकिएको छैन । विभिन्न स्थान र आर्थिक अवस्थामा रहेका विद्यालयका आवश्यकता सम्वोधन गर्न सकारात्मक विभेदको नीतिबाट अनुदान प्रदान गर्न सकिएको छैन । विद्यालयलाई दिइने आर्थिक अनुदानलाई विद्यार्थीको अवस्थासँग सम्बन्धित गर्न सकिएको छैन । यसैगरी राज्यसँग प्रर्याप्त आर्थिक स्रोतको उपलब्धता छैन । विकेन्द्रीकरणको अवधारणालाई आत्मसाथ गरेर अगाडि बढ्ने प्रयत्न गरे तापनि आर्थिक पक्षसँग हुने क्रियाकलापको जिम्मेवारीलाई विकेन्द्रीत गर्न अझै सकिएको छैन (पूर्ववत्) ।

स्थानीय निकायबाट विद्यालयलाई सहयोग गरिएको भएतापनि यो बाध्यकारी नभएर स्वैच्छिक जस्तै छ । स्थानीय निकायबाट वस्तुगत आधार एवं दीर्घकालिन सोचको आधारमा भन्दा पनि तत्कालिन आवश्यकता र विषयगत निर्णयको आधारमा आर्थिक सहयोग उपलब्ध हुने गरेको छ ।

पौडेल, लेखनाथ (२०५१) ले “नेपालको सन्दर्भमा विद्यालयमा आधारित व्यवस्थापन” नामक लेखमा शिक्षा क्षेत्रमा यसले ठूलो धनरशी लगानी गरे तापनि प्रगति सन्तोषजन नभएको र शैक्षिक क्षेत्र लगभग निराश हुँदै गएको अवस्थामा व्यवस्थापनतिर नयाँ शिक्षा ऐन नियमले ल्याउन खोजको परिवर्तन वर्तमानमा अन्तराष्ट्रिय स्थिति र हाल ध्यान पुऱ्याउनु पर्ने कुरालाई समेत ध्यानमा राख्ने जमर्को गरेको छ ।

विद्यालयमा सामूहिक उत्साह जागृत हुनु पर्दछ । यति हुन सकेमा विद्यालय व्यवस्थापन पक्ष मजवुत हुन्छ जसको परिणाम स्वरुप स्तरिय शिक्षा पाउन सकिने आशा गर्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ ।

भण्डारी, मुकुन्द प्रसाद (२०५१) का अनुसार सामुदायिक र संस्थागत विद्यालयबीच विद्यालय व्यवस्थापन समितिको बैठक, योजना निर्माणको पक्षमा संख्यीय तथा तथ्यांकीय भिन्नता रहेको संस्थागत मा.वि. को तुलनामा सामुदायिक मा.वि. र विद्यालय व्यवस्थापन समितिको बैठक र

एजेण्डा प्रस्तुति राम्रो रहेको, सामुदायिक विद्यालयहरुमा बैठक एजेण्डा प्रस्तुतिकरण, शिक्षक तालिम, शिक्षक कार्य विभाजनमा विद्यालय व्यवस्थापन समिति, प्र.अ. र शिक्षकको भूमिका प्रभावकारी रहेको तर शैक्षिक योजना निर्माण, शैक्षिक व्यवस्थापन सम्बन्धित नीति निर्माण र कार्यान्वयन पक्ष भने संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको उल्लेख गरिएको छ । शोधकर्ताले दुवै किसिमले विद्यालयहरुमा वि.व्य.स. को निर्णय कार्यान्वयन ल्याउने सोच कम रहेको कुरा औंल्याएका छन् ।

यसरी सार्वजनिक माध्यमिक विद्यालयमा विषयगत शिक्षकको अभाव रहेको कुरा औंल्याइएको छ भने संस्थाष्त विद्यालयहरुमा शिक्षकको हकहित भन्दा शैक्षिक क्रियाकलापमा शिक्षकहरु संलग्न भएको पुष्टि गरिएको छ ।

पोखरेल, बाबुराम (२०६५) का अनुसार विद्यलयका व्यवस्थापन समितिका पदाधिकारीहरु आफ्नो विद्यालयलाई समुन्नत शैक्षिक संस्थाको रुपमा विकास गर्न प्रयासरत हुँदाहुँदै पनि उनीहरुलाई आफ्नो काम, कर्तव्य र अधिकारबारे कम मात्र जानकारी रहेको कुरा उल्लेख छ। उनीहरुले विद्यालयको योजना निर्माण र कार्यान्वयनमा सक्रिय सहभागिता देखाउन नसकेको उल्लेख छ ।

यसरी माथि प्रस्तुत अध्ययनहरु तथा अन्य थुप्रै अध्ययनहरुमा के कुरालाई जोड दिइएको छ भने विद्यालयलाई समुदायमा हस्तान्तरण गर्दामा मात्रै पनि केही शैक्षिक गुणस्तर हाँसिल गर्न सहयोग पुग्दछ साथसाथै समुदायमा हस्तान्तरित भइसकेपेछिको अवस्थामा विद्यालयप्रति शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय व्यक्तिहरुको जिम्मेवारी पनि बढ्छ भनिएको छ । अझ अगाडि बढेर भन्नुपर्दा प्रस्तुत अध्ययनहरुले विद्यालयको व्यवस्थापन राम्रो बनाउनको लागि पनि विद्यालय समुदायमै हस्नान्तरण हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ साथै कतिपय अध्ययनहरुले सामुदायिक भन्दा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर राम्रो रहेको भन्ने कुरामा जोड दिएका छन् ।

तर प्रस्तुत अध्ययनहरुले विद्यालयको व्यवस्थापनमा कम जोड दिएको पाइयो साथै यी अध्ययनहरुले विद्यालयको व्यवस्थापनका बारेमा थोरैधेरै केही कुरा गरे पनि विद्यालयको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा केही जानकारी दिएका छैनन् । शैक्षिक व्यवस्थापनको बारेमा माथि प्रस्तुत अध्ययनहरुमा केही पनि जानकारी पाउन सकिँदैन केवल विद्यालयको

व्यवस्थापन र समुदायमा हस्तान्तरण गर्नाले मात्रै शिक्षाको गुणस्तर बढ्छ भन्ने कुरालाई जोड दिइएको छ । प्रस्तुत अध्ययन "संस्थागत विद्यालयहरुको शैक्षिक व्यवस्थापन" माथिका अध्ययनहरुले छुन नसकेको क्षेत्र संस्थागत विद्यालयहरुको शैक्षिक व्यवस्थापन कसरी गर्दा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने सम्बन्धमा तथ्यगत कुराहरु प्रस्तुत गर्नेछ । साथै प्रस्तुत अध्ययनको जोड शैक्षिक व्यवस्थापन गर्दा कुन कुन कुराहरुलाई मध्यनजर गर्नुपर्दछ र शैक्षिक व्यवस्थानले कसरी शिक्षाको गुणस्तर वृद्धिमा सहयोग पुऱ्याउँछ भन्ने सम्बन्धमा केन्द्रित हुनेछ । साथै यस अध्ययनले माथिका अध्ययनहरुले देखाएजस्तो समुदायमा हस्नान्तरण हुँदैमा शैक्षिक गुणस्तर वृद्धि हुन्छ भन्ने कुरालाई नमानी शैक्षिक व्यवस्थापनका अलावा शैक्षिक व्यवस्थापन गर्दा आइपर्ने चुनौतिहरु र शैक्षिक व्यवस्थापनलाई राम्रो बनाउन नसक्नुका कारण, कमीकमजोरीहरु औल्याई एउटा व्यवस्थित र सफल संस्थाको लागि कस्तो शैक्षिक व्यवस्थापन गर्दा राम्रो हुन्छ भनी सुझाव समेत प्रस्तुत गर्नेछ ।

यसरी विभिन्न खाले विद्यालयको व्यवस्थापन तथा स्तरोन्नतीको विषयमा विभिन्न समयमा तयार पारिएको साधपत्रहरुको निष्कर्ष हेर्दा के भन्न सकिन्छ भने प्रधानाध्यापक, शिक्षक र वि.व्य.स.  कुनै पनि विद्यालयको अभिन्न अङ्ग हो । विद्यालयको समग व्यवस्थापन तथा स्तारोन्नतीमा उसको अहम भूमिका हुन्छ र उसले विद्यालयको स्तारोन्नतीमा विभिन्न भूमिका निर्वाह गर्ने क्रममा विभिन्न समस्याहरुसँग पनि जुध्नु परेको हुन्छ । कतिपय अवस्थामा शैक्षिक क्षमता, व्यवस्थापकीय क्षमता लगायतका व्यक्तिगत कमिकमजोरी आदिका कारणले उसले चाहेको र सोचेजस्तो भूमिका निर्वाह गर्न सकिरहेको छैन भने कतिपय अवस्थामा आवश्यक सीपको अभाव, विविध पक्षको दवाव एवम् असहयोग आदीले गर्दापनि उसले सोचेजस्तो गर्न नसकिरहेको अवस्था छ र पनि शैक्षिक गुणस्तरमा नीजि विद्यालयले पुऱ्याएको सहयोग र त्यसमा सम्बन्धित विद्यालयले प्रधानाध्यापक, शिक्षक र वि.व्य.सको भूमिका प्रशंसनिय छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोध कार्यलाई निष्कर्षमा पुऱ्याउन स्वीकृत सिद्धान्तको आधार लिनु पर्ने हुन्छ । सिद्धान्तमा आधारित तथ्यहरू विश्वासीलो वास्तविक यथार्थ हुन जान्छ । शैक्षिक व्यवस्थापनमा देखापरेका समस्याहरूको वारेमा अध्ययन गर्न बर्नाड (१९३८) को व्यवहारवादी अनुसार व्यवस्थापनलाई

व्यवहारवादी विज्ञानको रुपमा हेर्नु पर्दछ । संगठनमा कार्यरत मानिसहरुको सामाजिक र व्यवहारिक अध्ययनबाट मात्र कार्यमा प्रभावकारिता ल्याउन सकिन्छ । व्यवस्थापन एक सामाजिक संगठन हो । संगठनको आधारभूत उद्देश्यहरु पूरा गर्नका लागि विभिन्न समुदाय तथा समाजका मानिसहरु कार्यरत हुन्छन । प्रत्येक संगठनमा प्रसस्त औपचारिक संगठनहरु हुन्छन् । संगठनमा हुने व्यक्ति- व्यक्ति, समूह बीचमा हुने कुराकानी, छलफल, गुटबन्दीले अनौपचारिक संगठन जन्माउँछ । यसले औपचारिक संगठनको संरचनालाई समेत हेरफेर गर्न सक्दछ । संगठनमा समस्या र संकट परेको समयमा औपचारिक संगठनको सक्रियता बढ्ने भएकोले त्यस्ता संगठनलाई समेत व्यवस्थापकले अस्विकार गर्नु हुँदैन । संगठनमा प्रभावकारिता र कार्यदक्षता महत्वपूर्ण हुन्छ । प्रभावकारीता पद्धतिमुखी र दक्षता व्यक्तिमुखी हुन्छ । संगठनको प्रभावकारिताको लागि राम्रो उत्पादन र वितरण हुनुपर्दछ भने त्यसको लागि कार्यरत मानिसहरु दक्ष र निपूर्ण हुनुपर्दछ । संगठनको उद्देश्य पूरा गर्न संगठनमा प्रभावकारिता र दक्षता दुवै कुराको आवश्यकता पर्दछ (कोइराला र श्रेष्ठद्वारा उद्धृत, २०६३) ।

वर्नार्डले व्यवस्थापनलाई व्यवहारवादी विज्ञानको रुपमा प्रयोग गर्न निम्न धारणा उल्लेख गरे :

१) प्रशासन वा व्यवस्थापनलाई व्यवहारवादी विज्ञानको रुपमा हेरिनुपर्छ- कारदारका सामाजिक, मनोवैज्ञानिक, एवं व्यवहारिक अध्ययनबाट मात्र प्रशासनमा प्रभावकारिता आउँछ ।

२) प्रशासन एक सामाजिक संगठन हो - उनले प्रशासनलाई ूक्यअर्ष्वा इचनबलष्कू भनी परिभाषित गरे । संगठनका आधारभूत उद्देश्यहरु पूरा गर्नका लागि विभिन्न समुदाय तथा समाजका व्यक्तिहरु संगठनमा कार्यरत रहेका हुन्छन् । यसरी स्थापित संगठन समाज जस्तै प्रकृतिको हुन्छ ।

३) संगठन एक औपचारिक रुप हो- संगठनले औपचारिक संस्थाका रुपमा मानवीय शक्तिलाई समन्वय गर्ने, एकिकृत गर्ने, सञ्चार गर्ने, साझा लक्ष्य र उद्देश्य पूरा गर्ने, उद्देश्य परिपूर्तिका लागि मानव संसाधनको परिचालन गर्ने जस्ता औपचारिक कार्य गर्दछ ।

४) प्रत्येक संगठनमा प्रशस्त अनौपचारिक संगठनहरु हुन्छन- संगठनमा हुने व्यक्ति, व्यक्ति समूहबीचमा कुराकानी, छलफल, गुटबन्दीले अनौपचारिक संगठन जन्माउँछ । यसले औपचारिक

संगठनको संरचनालाई समेत हेरफेर गर्न सक्छ । समस्या र संकटको समयमा अनौपचारिक संगठनको गतिविधि बढ्ने भएकाले यस्ता संगठनलाई समेत व्यवस्थापकले अस्वीकार गर्नु हुँदैन ।

५) संगठनमा प्रभावकारिता र कार्यदक्षता महत्वपूर्ण हुन्छ- प्रभावकारिता पद्धतिमुखी र कार्यदक्षता व्यक्तिमुखी हुन्छ । संगठनको प्रभावकरिताको लागि राम्रो उत्पादन र वितरण हुनुपर्छ भने त्यसका लागि कामदार दक्ष र निपूर्ण हुनुपर्छ । यसरी संगठनका उद्देश्य पूरा गर्न संगठनमा प्रभावकारिता निपूर्ण हुनुपर्छ । यसरी संगठनका उद्देश्य पूरा गर्न संगठनमा प्रभावकारिता र कार्यदक्षाता दुवै कुरा आवश्यक हुन्छ ।

यसरी वनार्डका अनुसार एक्लैले हाँसिल गर्न नसकेका लक्ष्य र उद्देश्य हासिल गर्न नै व्यक्तिहरु संगठनमा आबद्ध हुने हुनाले संगठनात्मक लक्ष्यलाई काम गर्ने व्यक्तिहरुको व्यक्तिगत लक्ष्यसँग सन्तुलन गर्न सकेमा मात्र संगठन कुशलतासाथ चल्न सक्दछ । जर्ज आर. टेरी को व्यवस्थापन सम्बन्धी परिभाषा अनुसार अनुसार “व्यवस्थापन एउटा छुट्टै प्रक्रिया हो जसमा योजना, संगठन, कार्यान्वयन र नियन्त्रण जस्ता पक्ष समावेश हुन्छन् । साथै उद्देश्यहरु निर्धारण तथा सो को प्राप्ति मानिस तथा अन्य साधनहरुको प्रभावकारी प्रयोगद्वारा गरिन्छ ।” यस अध्ययनलाई माथि उल्लेखित सिद्धान्तहरुका आधारमा शैक्षिक व्यवस्थापनको सिद्धान्त अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## २.३ अध्ययनको पुनरावलोकनको उपादेयता

शैक्षिक व्यवस्थापन एक व्यवहारमुखी विज्ञान भएको कारणले गर्दा गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि यसको ठूलो महत्व रहने गर्दछ । कतिपय अध्ययनहरुले देखाएको भन्दा भिन्न मत प्रस्तुत गर्दै यस अध्ययनले शिक्षाको गुणस्तर वृद्धिको लागि भौतिक, आर्थिक, सामाजिक भन्दापनि विद्यालयको शैक्षिक व्यवस्थापनमा जोड दिनुपर्छ भन्ने कुरालाई आधार बनाएर शैक्षिक व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा दिशानिर्देश गरिएको छ ।

यसका अलावा शैक्षिक व्यवस्थापनको महत्व संगठनभित्र मात्र नभएर संगठन भन्दा बाहिरबाट पनि यसलाई सफल तुल्याउन र प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग हुनुपर्ने देखिन्छ ।

जस्तोः कुनैपनि शिक्षक एक्लैले मात्र आफ्नो निर्णय गर्न सक्दैन त्यसका लागि वि.व्य.स., अभिभावक, प्रधानाध्यापक लगायत अन्य वुद्धिजीवीको समेत सहयोग आवश्य पर्दछ । यतिमात्र नभएर वर्तमान अवस्थामा नीतिनिर्माणका कार्यहरु सहज हुने र कार्यान्वयनमा समस्या देखिदै गएको कुरालाई मध्यनजर गरी शैक्षिक व्यवस्थापनलाई सबैजना मिलेर कार्यान्वयन गराउने तर्फ लाग्नुपर्छ । यसरी प्रस्तुत अध्ययनले विद्यालयको शैक्षिक व्यवस्थापन अन्तर्गत जनशक्ति, आर्थिक, भौतिक, शैक्षिक र राजनैतिक दवावलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने कुरालाई समग्र रुपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनले अव आउँदा दिनहरुमा शैक्षिक व्यवस्थापन गर्दा के कस्ता कुराहरुमा ध्यान दिनुपर्छ अथवा के कसरी शैक्षिक व्यवस्थापन गर्नुपर्छ भन्ने बारे नीतिनिर्माण गर्नको लागि दिशानिर्देश गर्नेछ । साथै शैक्षिक व्यवस्थापनसम्बन्धी चासो राख्ने जो कसैलाई पनि शैक्षिक व्यवस्थापनको खाका प्रस्तुत गरिएको छ ।

सम्बन्धित साहित्यको पुनरावलोकनबाट संस्थागत विद्यालयको व्यवस्थापन विद्यालय तथा समुदायले लिए पश्चात समग्र विद्यालयको गुणस्तर बृद्धि हुनाको साथै वित्तिय स्रोत संकलन एंव परिचालनमा थप प्रभावकारिता आएको देखिन्छ । नितीगत अस्पष्टता अधिकार र दायित्वमा अस्पष्टता, व्यवस्थापनमा थप जटिलता भएको पनि पाईन्छ । यसबाट समुदायमा विद्यालय व्यवस्थापनको जिम्मा दिने कार्यमा संभावना र चुनौती उत्तिकै रहेको देखिन्छ । यसै परिप्रेक्षमा शिक्षामा मुख्य गरेर सरकार व्यक्ति, समुदाय नीजि संस्थाहरू बैदेशिक लगानी र अभिभावकहरूको लगानीहरूमा विद्यालयहरू संचालन भएको पाईन्छ । तर्सथ व्यवस्थापनको वर्तमान यर्थातता पत्ता लगाई भावि दिशा निर्देश गर्ने हुदाँ प्रस्तुत प्रस्तावना शैक्षिक योजना तथा व्यवस्थापन क्षेत्रमा नया आयाम थप्न सजिलो हुने विश्वास लिन सकिन्छ ।

# परिच्छेद तीन :

# अध्ययन विधि र प्रकृया

यस परिच्छेदमा शोध प्रस्तावनाका लागि आवश्यक पर्ने विधि तथा ढाँचा र साधनहरूको बारेमा व्याख्या गरिएको छ । अध्ययनका लागि आवश्यक पर्ने जनसंख्या नमुना छनौट विधीवाट गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अध्ययनका लागि आवश्यक पर्ने सुचना, तथ्याङ्क संकलन गर्ने प्रक्रिया गुणात्मक र परिणात्मक विधीवाट गरिएको छ ।

यस अध्ययनमा निर्धारीत उदेश्यलाई प्राप्त गर्न वित्तिय अवस्था सम्बन्धी विभिन्न गणितिय तथ्याङ्कहरूको संकलन, आम्दानी खर्चको विवरण तथा विद्यालयको गुणस्तर सम्बन्धी संख्यात्मक प्रस्तुती गर्नुपर्ने भएकोले परिमाणत्मक विधिलाई आधार बनाई विभिन्न प्रकारका विद्यालय सर्वेक्षण फाराम विकास गरी तथ्याङ्क संकलन गरिने छ । यस सम्बन्धमा समस्याको समाधान गर्नका लागी प्रधानाध्यापक, वि.व्य.स. का पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी अभिभावक स्रोत व्यक्तिसँग प्रश्नावली मतसर्वेक्षण जस्ता साधन प्रयोग गरिएको छ ।

## ३.२. अध्ययनको जनसंख्या र नमूना छनौट

अध्ययन कार्यको लागि आवश्यक पर्ने जनसंख्या मकवानपुर जिल्लाको हेटौंडा उ.प.म.न.पा. .का अन्तर्गतका शिक्षा विकास शिसु सदन, सनसाइन इङ्गलिस बोर्डिङ, मकवानपुर एभरेस्ट बोर्डिङ र एपिकल एकेडेमी गरि ४ वटा संस्थागत माध्यमिक विद्यालयका प्र.अ., वि.व्य.स.का पदाधिकारी, शिक्षक, अभिभावक शिक्षक संघका पदाधिकारीलाई अध्ययनको जनसंख्याका रूपमा लिइएको छ ।

“अनुसन्धानधाता सधैं नमुना तथ्याङ्कको संसारमा बाँच्दछ । नमुनामा आधारित तथ्याङ्कहरूको विश्लेशणबाट नै अनुसन्धाता निष्कर्षमा पुग्दछ र यही निष्कर्षको आधारमा सिद्धान्त बन्दछ । त्यसैले नमुना अनुसन्धानको अभिन्न अंग हो” (उप्रेती, २०६६) । अनुसन्धानकर्ता सम्पूर्ण

जनसंख्याको अध्ययन र विश्लेषण गर्न असमर्थ हुने हुँदा अध्ययनका लागि प्रतिनिधिमूलक केही एकाइ छनौट गरिन्छ । यस अध्ययनका लागि उद्देश्यले प्रस्तावित क्षेत्रको प्रतिनिधित्व हुने गरी उद्देश्यमूलक नमुना छनौट विधिबाट नमुना छनौट गरिएको छ । उद्देश्यपूर्ण छनोट विधिमा अध्ययनको उद्देश्यलाई मध्यनजर गर्दै अनुसन्धाताले आफ्नो आवश्यकता अनुसार विवेकको प्रयोग गरी नमुना छनोट गर्दछ । तसर्थ, यस अध्ययनको लागि उद्देश्यमुलक नमुना छनोट विधिबाट मकवानपुर जिल्लाका ४ वटा संस्थागत माध्यमिक विद्यालयलाई छनोट गरिएको छ । उक्त विद्यालयबाट प्र.अ., वि.व्य.स., पदाधिकारी, शिक्षक, अभिभावक र शिक्षक अभिभावक संघका पदाधिकारीलाई अध्ययनको उद्देश्य पूरा गर्न निम्नानुसार छानिएको छ ।

### ३.३ तथ्याङ्कको स्रोतहरु

अध्ययन तथा अनुसन्धानको क्षेत्र स्पष्ट भएपनि कुन कुन श्रोतहरुबाट सूचना तथा तथ्याङ्क संकलन गर्न सकिन्छ भन्ने कुरा स्पष्ट हुनुपर्दछ ।  यसरी अनुसन्धानका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु प्राप्त गर्ने श्रोतहरुलाई तथ्याङ्कका श्रोत मानिन्छ । कुनै पनि अनुसन्धानको उद्देश्य पूरा गर्नका लागि अनुसन्धानलाई यथार्थपरक बनाउन त्यस अनुसन्धानमा प्रयोग गरिएका तथ्याङ्कहरुको प्रकृतिले महत्वपूर्ण भूमिका खेल्दछ । यस अनुसन्धानलाई यथार्थपरक बनउनका लागि आवश्यक तथ्याङ्क मुख्य गरी दुईवटा श्रोतहरु संकलन गरिएको छ । जुन यसप्रकार छन्:

### प्राथमिक स्रोत

प्राथमिक तथ्याङ्क अन्तर्गत मकवानपुर जिल्लाका छनौटमा परेका संस्थागत विद्यालयका प्र.अ., वि.व्य.स. का पदाधिकारी, शिक्षकहरु, अभिभावकहरु, समूह छलफलबाट प्राप्त जानकारी, अध्ययनकर्ताले अवलोकन गरी टिपोट गरेका कुराहरु आदि लाई लिइएको छ ।

### द्वित्तिय स्रोत

द्वितीय तथ्याङ्क अन्तर्गत मकवानपुर जिल्लाको जि.शि.का अन्तर्गतका शैक्षिक तथ्याङ्कहरु, फाइलहरु, फ्लाश रिपोर्ट, दस्तावेजहरु, त्रि.वि. का शोधपत्रहरु र अन्य शैक्षिक व्यवस्थापनसँग सम्बन्धित पुस्तकहरुलाई लिइएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरू

अध्ययन कार्यलाई पूर्णता दिन त्यसको प्रकृति हेरी तथ्याङ्क संकलन गर्न विभिन्न किसिमका साधनहरू प्रयोग गर्नुपर्ने हुन्छ । त्यसपछि मात्र अध्ययन अर्थपूर्ण हुन्छ । यस अध्ययनका पूर्व निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि निम्नानुसारका साधनहरू प्रयोग गरिएको छ ।

### अन्तर्वार्ता सूची

गुणात्मक अनुसन्धानको महत्वपूर्ण साधन अन्तर्वार्ता हो । यसले व्यक्ति भित्रका विचार वा भावनालाई प्रष्ट रूपमा बाहिर ल्याउने कार्य गर्दछ । जसले व्यक्तिका विचार मात्र होइन, निश्चित तथ्याङ्क र तथ्यलाई समेत अगाडि ल्याउँछ (त्रिपाठी, २००३) । अन्तर्वार्तालाई विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ । कौल (१९८४) ले संरचित र असंरचित गरी यसलाई दुई भागमा बाँडेका छन् भने बग्डन र विक्लेन (१९९२), भण्डारी (२०६४) द्वारा उद्धृत ले यसलाई संरचित, अर्द्ध संरचित र असंरचित भनी उल्लेख गरेका छन्। अर्धसंरचित अन्तर्वार्ताले अध्ययन गरिने विषयका आवश्यक सबै पक्षहरू समेट्ने निश्चितता हुन्छ, किनभने पहिले नै यी पक्षहरूको अध्ययन गरी प्रश्नहरूको सूचि तयार पारिएको हुन्छ । यसमा पुरक प्रश्नहरू अवस्था अनुसार गर्न सकिने भएकाले विषयको अपेक्षित गहिराइसम्म पुग्ने अवसर मिल्छ (उप्रेती,२०६६) ।

यस अध्ययनको उद्देश्य पूर्तिको लागि अर्ध संरचित अन्तर्वार्तालाई आधार बनाइएको छ । जस अनुसार विद्यालयका प्र.अ., वि.व्य.स. पदाधिकारी, शिक्षक/शिक्षिका, अभिभावक र शिक्षक अभिभावक संघका पदाधिकारीका लागि केहि निर्देशित प्रश्नहरू तयार गरी प्रयोग गरिने छ । अन्तर्वार्ताका लागि तयार पारिएका निर्देशित प्रश्नहरू परिशिष्ट १, २, ३, ४ र ५ मा देखाइएको छ ।

### प्रश्नावली

प्रश्नहरुको शृङ्खलाबद्ध स्वरुप समावेश तथ्याङ्क, संकलन साधन नै प्रश्नावली हो । जसमा प्रश्नहरुको उत्तरलाई प्रक्रियादाताहरु आफैले व्यक्त गरी गर्दछन् ।

संस्थागत विद्यालयको व्यवस्थापन सम्बन्धमा छनौटमा परेका नमूना जनसंख्यालाई प्रकृति अनुसार छुट्टाछुट्टै प्रश्नावली निर्माण गरिएको छ । प्रधानाध्यापकको लागि निर्माण गरिएको प्रश्नालवीमा संस्थागत विद्यालयको शैक्षिक योजना निर्माण र कार्यान्वयन शिक्षक विद्यार्थी उत्प्रेरणा, अवलोकन निरीक्षण, अभिलेख एवम् मूल्यांकन, पृष्ठ पोषण, मानविय सम्बन्ध स्थापना एवम् स्तरउन्नति साथै विद्यालय सञ्चालनको क्रममा भए गरेका एवम् हुन सक्ने कमी कमजोरी र त्यसलाई निराकरण गर्ने उपाय आदीका लागि प्रभावकारी भूमिका खोज्ने खाले प्रश्नहरु राखिएको छ । शिक्षकहरुका लागि  तयार गरिएको प्रश्नावलीबाट शिक्षण योजना निर्माण कार्यभार एवम् कक्षाकोठा व्यवस्थापन, अवलोकन, पृष्ठपोषण, अभिलेख मूल्यांकन आदीजस्ता शिक्षकका दैनिक काम कारबाहीका सम्बन्धमा प्रधानाध्यापकद्वारा अपेक्षित भूमिकाको बारेमा खोज तलास गरिएको छ । प्रश्नावलीको नमूना अनुसूची क्रमश : १,२,३ र ४ राखिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुका लागि तयार गरिएको प्रश्नावलीबाट प्रधानाध्यापकलाई गर्न सक्ने सहयोग एवम् ति कार्यमा समितिको संलग्नता भौतिक एवम् आर्थिक श्रोत व्यवस्थापनमा समितिको संलग्नता प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार प्रतिको धारणा एवम् थप सुझावहरु सङ्कलन गर्ने प्रयास गरिएको छ । साथै स्रोतव्यक्ति एवम् विद्यालय निरीक्षकहरुका लागि तयार गरिएको प्रश्नावलीबाट अनुगमन, अनुशासन, शैक्षिक उपलब्धीको अवस्था, व्यवस्थापकीय एवम् प्रशासनिक कमी कमजोरी एवम् सुधारका उपाय सहितका जानकारीहरु सङ्कलन गर्ने जमर्को गरिएको छ ।

### दस्तावेज पुनरावलोकन

अध्ययनसँग सम्बन्धित आवश्यक तथ्याङ्क तथा जानकारी प्राप्त गर्ने उद्देश्यले सम्बन्धित विद्यालयका रेकर्डहरू, शैक्षिक स्मारिकाहरू, विद्यालय सुधार योजनाका दस्तावेजहरू, फ्ल्यास १ र २ (फ्लाश १, फ्लाश २) तथा शिक्षा विभागद्वारा प्रकाशित विद्यालयसँग सम्बन्धित तथ्याङ्क तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले प्रकाशन गरेका शैक्षिक तथ्याङ्कहरूको पुनरावलोकन गरिएको छ ।

### डायरी टिपोट

गुणात्मक अनुसन्धानमा स्थलगत सर्वेक्षणका क्रममा प्राप्त सूचनालाई प्राकृतिक रूपमा जस्ताका तस्तै टिपोट गर्नुपर्ने भएकोले विद्यालय अवलोकन सर्वेक्षण तथा अनुसन्धानको क्रममा प्राप्त विविध सूचना, तथ्याङ्कलाई डायरी टिपोट गरिएको छ ।

### समूह छलफल

सामूहिक छलफल कुनै वस्तु सेवा वा विषयमा मानिसले कसरी, के महसुस गरेका छन् भनी पत्ता लगाउने सामूहिक अन्तर्वार्ता हो । यसमा लक्षित व्यक्तिहरूसँग सूचना संकलन गर्न सहजकर्ताको नेतृत्वमा खुला प्रकृतिको छलफल गरिन्छ । यस समूहमा ६ देखि १२ जनासम्म हुनुपर्छ (वर्गर, १९९८) । समूह छलफल विधिबाट निर्धारित विषयमा छलफल गरी गुणात्मक तथ्याङ्कहरूको संकलन गरिन्छ । समूह छलफल विधिको सहयोगमा सामान्य रूपमा सतहमा देखिएका अवस्था र परिसूचकहरूको अन्तरतहसम्म पुगेर कारणहरूको खोजी गरिन्छ (उप्रेती, २०६६) ।

प्रस्तुत अध्ययनमा समस्याको वास्तविकता पत्ता लगाउन समूह छलफल विधि अपनाईनेछ । जसमा छनोट गरिएका विद्यालयका प्रधानाध्यापक, शिक्षक र वि.व्य.स. पदाधिकारीहरूको एउटा समूह, अभिभावक र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको एउटा समूह गरी प्रत्येक विद्यालयमा दुईवटा समूह बनाइ छलफल गरिएको छ ।

अध्ययनको उद्देश्यलाई लक्षित गरी समूह छलफल निर्देशिकाको निर्माण गरिने छ । समूह छलफल विद्यालय र समुदाय बीचको सम्बन्ध, विद्यालयको शैक्षिक व्यवस्थापनको अवस्था, शैक्षिक व्यवस्थापनमा देखा परेका समस्या, विद्यालयको लेखा प्रणाली एवम् व्यवस्थापन प्रणाली, शैक्षिक क्रियाकलाप, शिक्षण सिकाई क्रियाकलाप आदि विषयमा केन्द्रित छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि सर्वप्रथम . मकवानपुरको विद्यालय अभिलेख अनुसार उद्देश्य अनुरूपका ४ विद्यालय छनौट गर्ने कार्य गरिएको छ । विद्यालयको छनौट पश्चात उक्त

विद्यालय प्र.अ. र शिक्षकहरूलाई सामूहिक रूपमा अध्ययनको उद्देश्य वारे स्पष्ट पारी प्र.अ. बाट आवश्यक अनुमति लिएर अन्तर्वार्ता निर्देशिका अनुसार आवश्यक अन्तरक्रिया गरी तथ्याङ्क संकलन गरिने छ । यसैगरी वि.व्य.स. पदाधिकारी, अभिभावक, शिक्षक, अभिभावक संघका पदाधिकारीहरूसँग प्रधानाध्यापकको आवश्यक सहयोग लिएर तथ्याङ्क संकलनका लागि प्र.अ. र शिक्षकको विधि नै अपनाइने छ । यस्ता तथ्याङ्कहरु प्राप्त गर्नको लागि प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल तथा डायरी टिपोटको सहायता लिइने छ । त्यसैगरी समूह छलफलको लागि लक्षित समूहसँग विद्यालय परिसर भित्रै छुट्टाछुट्टै समूह बनाई छलफल गरिने छ । समूह छलफलमा एक पटकमा एउटा प्रसङ्ग/सवाल प्रस्तुत गरी त्यस वारे अलग-अलग सहभागिहरूको प्रतिक्रिया र अनुभव बटुलेपछि त्यसलाई टिपोट गरी अर्को मुद्दा वा सवाल क्रमशः प्रस्तुत गरी छलफल सम्पन्न गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

विभिन्न स्रोत र साधनबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा वर्णनात्मक तरिकाको प्रयोग गरी सम्बन्धित तथ्याङ्कलाई प्रष्ट पार्न खोजिने छ । तथ्याङ्क विश्लेषण गर्दा शैक्षिक व्यवस्थापन सम्बन्धी सम्पूर्ण विषयवस्तुलाई समेटेर त्यसैको माध्यमबाट विभिन्न भनाईलाई अध्ययन गरी व्याख्या गरिने छ । यस्तो व्याख्या मात्रात्मक भन्दा बढी गुणात्मक आधारमा गरिने छ । अन्तमा तथ्याङ्कले देखाए अनुसार र विश्लेषणका आधारमा निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या तथा नतिजाको विश्लेषण

अनुसन्धानको कममा संकलन गरिएका तथ्याङ्कहरुलाई व्यवस्थित तरिकाले अध्ययनको समस्यासँग जोडिन्छ । संकलित तथ्याङ्कसँग सम्बन्धित सबै महत्वपूर्ण पक्षहरुको व्याख्या गरिन्छ । अनुसन्धानमा तथ्याङ्कको प्रस्तुतिबाट शोध समस्यासँग सम्बन्धित तथ्याङ्कहरु बिचको अन्तर सम्बन्ध स्पष्ट हुने गर्दछ । संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन विषयको यस अध्ययनको लागि अवलोकन, अर्न्तवार्ता, छलफल तथा प्रश्नावलीहरुवाट प्राप्त तथ्याङ्कहरुको विश्लेषणको आधारमा विभिन्न वर्ग समुहमा विभाजन गरी प्रत्येक वर्गको तथ्याङ्कलाई विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । तथ्याङ्कको सही विश्लेषणको आधारमा नै विषयवस्तुको समस्याको बारेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ । यस अध्ययनमा मुख्य गरि वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक र विद्यालयका शिक्षकहरुसँगको प्रश्नावली छलफल तथा अर्न्तवार्ता र विद्यालय अवलोकन रुजु सुची समेतको आधारमा प्राप्त तथ्याङ्कहरुलाई उद्देश्यको क्रमानुसार व्याख्या गरिएको छ ।

## ४.१ संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापनको अवस्था

शिक्षण सिकाईलाई प्रभावकारी ढंगले सञ्चालन गर्न कक्षाकोठाको उचित व्यवस्थापन हुनु निकै आवश्यक छ । कक्षाकोठा व्यवस्थापन भित्र वास्तवमा कक्षाकोठामा विद्यार्थी अनुकुलको सिकाइ वातावरण सिर्जनन गर्न कक्षाकोठा व्यवस्थापन हुनु आवश्यक छ । कक्षा कोठामा उपयुक्त हावा, प्रकाशको व्यवस्था गर्न जाडो, गर्मि पानी, हावा हुरी, होहल्ला आदिबाट बच्न कक्षा कोठा व्यवस्थापनले सजिलो बनाउँदछ । विद्यार्थी तथा शिक्षकको उपयुक्त बसाई र विभिन्न प्रकारका विद्यार्थी केन्द्रित क्रियाकलाप गर्ने ठाउँको प्रबन्ध र फर्निचर व्यवस्थापन गर्न, शैक्षिक सामग्रीको उचित व्यवस्थापन र सही ढङ्गले रखाइ र व्यवस्थापन गर्न, विदार्थीलाई कक्षाप्रति ध्यान आकर्षित गर्न र अनुशासित वनाउन, शिक्षण सिकाइलाई उद्देश्यपूर्ण व्यवहारिक र अर्थपूर्ण बनाउन, शिक्षक-विद्यार्थी र विद्यार्थी-विद्यार्थी बिच अन्तर्क्रिया र सम्बन्ध कायम गर्न, कक्षाकोठामा सहोयोगात्मक वातावरण सिर्जना गर्न पाठ्यपुस्तक तथा विद्यार्थीका सामग्रीको

सुरक्षामा सहयोग पुऱ्याउन, कक्षाकोठालाई सिकाइप्रति उत्प्रेरित र सिकाइलाइ सहज बनाउन कक्षाकोठा व्यवस्थापनले सघाउ पुऱ्याउँछ ।

संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन सम्बन्धि अध्ययन गरिएका चार ओटा विद्यालय मध्ये २ वटा अर्थात् ५० प्रतिशत विद्यालयको कक्षाकोठा व्यवस्थापन मध्यम खालको पाइयो भने बाँकी ५० प्रतिशतको कक्षाकोठा व्यवस्थापन राम्रो पाइयो ।

**भवन तथा कक्षा कोठाको अवस्था**

अध्ययनको लागि छनोटमा विद्यालयहरुको कक्षाकोठा व्यवस्थापन अवस्था पत्ता लगाउन गरिएको एक अध्ययनको क्रममा स्थलगत अध्ययन गर्दा विद्यालयको भवन, कक्षाकोठा, विद्यार्थी संख्याको अवस्थालाई निम्न तालिकामा देखाइएको छ ।

*तालिका १ भवन तथा कक्षा कोठाको अवस्था*

| क.सं. | विद्यालयको नाम | छानोको अवस्था | विद्यार्थी संख्या | कक्षाकोठाको क्षेत्रफल | कोठा संख्या |
|---|---|---|---|---|---|
| १. | शिक्षा विकास शिसु शदन | कङक्रिट | ३२० | १५×२० | १८ |
| २ | सन साइन इङलिस बोर्डिङ स्कुल | कङक्रिट | २५५ | १०×१५ | १४ |
| ३ | मकवानपुर एभरेस्ट इङलिस बोर्डिङ स्कुल | कङक्रिट | ३४० | १२ ×१८ | २० |
| ४ | एपिकल एकेडेमी | कङक्रिट | १०० | १०×१५ | १० |
| | | | | | |

**स्रोत : स्थलगत सर्बेक्षण** (२०८०)

प्रस्तुत तालिकामा छनोटमा परेका विद्यालयहरुको छानो कङक्रिट भएका पाईयो । सबै विद्यालयको कक्षाकोठामा उज्यालो प्रकाश छिर्ने रहेको पाइयो । आवश्यक फर्निचरको तथा बसाई व्यवस्थापन ५० प्रतिशत विद्यालयमा मध्यम खालको पाइयो भने बाँकी ५० प्रतिशत विद्यालयमा राम्रो खालको पाईयो ।

**खेलमैदान र पुस्ताकालयको व्यवस्था**

खेलकुद मानव जीवनको लागि अपरिहार्य तत्व हो । खेल खेल्नका लागी खेलमैदानको आवश्यकता पर्छ । खेलमैदान खेलको प्रकृति हेरेर निर्माण गर्नु पर्ने हुन्छ । त्यस्तै गरी पुस्ताकलय पनि विद्यार्थीको रुची क्षमता उमेर समुहलाई मध्यनजर गरी निर्माण गर्नु पर्छ उनीहरुको रुची अनुसार पुस्तकहरु उपलब्ध गराउनु पर्ने हुन्छ ।

प्रत्येक विद्यालयमा हरियाली र सफासुघर भएको खेलमैदान र आवश्यकता अनुसारको सान्दर्भिक पुस्तक हुन जरुरि छ । मकवानपुर जिल्लाकाको हेटौंडा मा अन्तर्गत रहेको संस्थागत विद्यालय मध्ये ४ वटा विद्यालयलाई नमुना छनोट गरी संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन सम्बन्धमा गरिएको अध्ययनमा सबै विद्यालयमा खेलमैदान भएको तर फुटबल, क्रिकेट जस्ता गेमको लागि भने पर्याप्त खेल मैदान नभएको पाइयो ।

पुस्ताकलयको सम्बन्धमा भने सबै विद्यालयमा पुस्ताकलयको उचित व्यवस्था भएको पाइयो ।

**शौचालय , पिउने पानी र चमेना गृहको व्यवस्था**

शौचालय, पिउने पानी र चमेना गृह व्यवस्था भौतिक व्यवस्थापन को महत्वपूर्ण पाटो हो । विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन गर्नु जरुरत पर्छ । साथै बालबालिकाको लागि शौचालय पनि महत्वपूर्ण पाटो हो । शिक्षा नियमावली २०४९ अनुसार छात्र, छात्रा र शिक्षककोलागि छुट्टै शौचालय हुनु पर्दछ ।

नमूना छनौटमा परेको ४ ओटा विद्यालयमा शौचालयको व्यवस्था भएको पाइयो तर साना कक्षाका विद्यार्थीहरुको लागि उपयुक्त शौचालय भने १ विद्यालयमा मात्र पाइयो ।

शुद्ध पिउने पानीको बारेमा अध्ययन गर्दा ४ ओटै विद्यालयमा पानी शुद्धिकरणको लागि फिल्टरको व्यवस्था गरिएको पाइयो ।

छनौटमा परेका विद्यालयको चमेना गुहको व्यवस्था सम्बन्धी अध्ययन गर्दा ३ ओटा विद्यालयमा चमेना गृह भएको पाइयो भने १ ओटा विद्यालयमा भने सबै विद्यार्थीले घरबाट नै खाजा लिएर आउने गरेको पाइयो ।

## ४.२ संस्थागत विद्यालयको शैक्षक व्यवस्थापनमा प्र.अ. , वि.व्य.स. को भूमिका

विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापक, वि.व्.स.को भूमिकालाई अत्यन्त आवश्यक रुपमा लिइन्छ । प्र.अ. र वि.व्य.स. अध्यक्षले नै विद्यालयको नेतृत्व गर्ने भएकोले सामाजिक, व्यक्तिगत तथा पेशागत गुण र क्षमता को आवश्यकता प्र.अ. र वि.व्य.स. अध्यक्षलाई जरुरि छ । सबै किसिमका नेतृत्व एवम निर्णयमा प्र.अ. , वि.व्य.स. अध्यक्ष , लगानिकर्ताको उपस्थिति आवश्यक हुन्छ तर केहि संस्थागत विद्यालयमा प्र.अ. लाई निर्णायकबाट अलग राखिएको पनि पाईन्छ ।

### शैक्षिक सामाग्री

शैक्षिक क्रियाकलपालाई रमाइलो बनाउन उपयुक्त शैक्षिक सामाग्रीको आवश्यकता पर्दछ । अर्थपूर्ण शैक्षिक सिकाइको लागि शैक्षिक सामाग्रीको प्रयोग अपरिहार्य हुन्छ । छनौटमा परेका विद्यालयमा शैक्षिक सामाग्री कम्प्युटर, टिभि, सेतोपाटी, चार्टहरु, चित्रात्मक किताब आदि रहेको पाइयो । छनौटमा परेका विद्यालयहरुमा शैक्षिक सामाग्रीको प्रयोग उपयुक्त ढङ्गबाट भएको पाइयो ।

सिकाईलाई दिगो, प्रभावकारी, मनोरञ्जनात्मक तथा स्थायित्व कायम गर्न सिकाई क्रियाकलापमा प्रयोग गरिने सामाग्रीहरुलाई शैक्षक सामाग्री भनिन्छ ।

शैक्षिक सामाग्री प्राय गरी ४ किसिमका हुने गर्दछन् ।

नमुना छनौटमा परेका ४ विद्यालयमा शैक्षिक सामाग्रीहरु निम्न अनुसार रहेको पाइयो ।

*तालिका २ शैक्षिक सामाग्री*

| क्र.सं | विद्यालयको नाम | शैक्षिक सामाग्री |
|---|---|---|
| १ | शिक्षा विकास शिसु शदन इङ्गिलस बोर्डिङ स्कुल | - २० थान कम्प्युटर<br>- टेलिभिजन (२ थान)<br>- प्रोजेक्टर (८ थान)<br>- नक्सा (१०) थान) |

| | | |
|---|---|---|
| | | - ग्लोब (५ थान) |
| **क्र.सं** | **विद्यालयको नाम** | **शैक्षिक सामाग्री** |
| २ | सन साइन इङ्गिलस बोर्डिङ स्कुल | - कम्प्युटर (१८ थान)<br>- विज्ञान सामाग्री<br>- नक्सा (१० थान)<br>- प्रोजेक्टर (६ थान) |
| ३ | मकवानपुर एभरेस्ट इङ्गिलस बोर्डिङ स्कुल | - कम्प्युटर (१५ थान)<br>- विज्ञान सामाग्री<br>- नक्सा (५ थान)<br>- प्रोजेक्टर (५ थान) |
| ४ | एपिकल एकेडेमी | - कम्प्युटर (६ थान)<br>- विज्ञान सामाग्री<br>- नक्सा (२ थान)<br>- प्रोजेक्टर (१ थान) |

**स्रोत : स्थलगत सर्बेक्षण (२०८०)**

तालिका १ को आधारमा शिक्षा विकास शिसु शदन इङ्गिलस बोर्डिङ स्कुलमा सबै भन्दा धेरै शैक्षिक सामाग्री रहेको पाईयो । सबै विद्यालयमा कम्प्युटर तथा विज्ञान प्रयोगशाला रहे पनि सबै विद्यार्थीले कम्प्युटर शिक्षा तथा विज्ञान प्रयोगशालामा धेरै सिक्न नपाएको कुरा शिक्षकहरुले बताउनु भयो ।

**शैक्षिक योजनाहरुको निर्माण र कार्यान्वयन**

योजना विना शैक्षिक व्यवस्थापन भनेको चंगा धागो बिना उडाउनु जस्तो हो । सबै शैक्षिक संस्था वा विद्यालयको स्तरउन्नति, प्रगति र सफलता वा असफलता र धेरै हद सम्म उक्त संस्थाले अवलम्बन गरेको योजना र त्यसको कार्यान्वयन भर पर्दछ । विद्यालयको स्तर उन्नति र सुधारका लागि शैक्षिक, भौतिक, आर्थिक आदि समग्र पक्षहरु समेटिएको आवधिक, वार्षिक

योजनाका साथै व्यवस्थित शिक्षण सिकाई क्रियाकलाप संचालनका लागि शिक्षकको कार्य योजना, एकाई योजनाका साथै दैनिक पाठ योजना जस्ता विभिन्न शिक्षण योजना बनाउनु आवश्यक छ । संस्थागत माध्यमिक विद्यालयहरुमा पनि शैक्षिक योजना निर्माण र कार्यान्वयनको स्थिति के कस्तो रहेको छ भन्ने सनदर्भमा पनि नमूना छनोटमा परेका प्र.अ.हरु र शिक्षकहरुसँग प्रश्नावली, छलफल तथा अन्तक्रिया आदिका आधारमा तथ्यहरु संकलन गर्दा प्राप्त नतिजाहरुलाई निम्न अनुसार  व्याख्या गरिएको छ । विद्यालयको शैक्षिक व्यवस्थापन र सुधारका लगि कुन कुन योजना गर्नु भएको छ । भन्ने प्रश्नको उत्तरमा नमुना छनौटमा परेका ४ वटा विद्यालयका  प्र.अ.हरुलाई प्रश्न गरिएकोमा ४ जना प्र.अ.हरुले नै विद्यालयको वार्षिक योजना निर्माण गर्ने गरेको पाईयो । त्यस्तै गरी ४ जना मध्ये  ३ जना प्र.अ.ले विद्यालय सुधार योजना निर्माण गर्ने गरेको पाइयो ।

त्यस्तै गरी तपाइको विद्यालयको दैनिक पाठ योजना निर्माण गर्नु भएको छ ? भन्ने प्रश्नको उत्तरमा छनौटमा परेका सबै प्र.अ.हरुले कहिलेकाँहि मात्रै पाठ योजना निर्माण गर्ने बताउनुभयो । त्यस्तैगरी तपाईले कस्ता कस्ता शैक्षिक योजना निर्माण गर्नुभएको छ ? भन्ने प्रश्नको उत्तरमा २० जना मा १६ जना शिक्षकले दैनिक पाठयोजना एवम् वार्षिक योजना समेत निर्माण गर्ने बताए भने ४ जनाले वार्षिक योजनामात्र निर्माण गर्ने बताए ।

वार्षिक कार्यतालिका विद्यालयको वर्ष भरीको सम्पूर्ण गतिविधिलाई मार्गनिर्देशन गर्ने महत्वपूर्ण योजना हो । उक्त योजना प्र.अ.को नेतृत्वमा शिक्षकहरुको सहभागितामा निर्माण गरेमा त्यसको कार्यान्वयन प्रभावकारी भई शैक्षिक संस्थाको लक्ष्य हासिल गर्न सघाउ पु¥याउँदछ । यस अध्ययनको क्रममा नमूना छनौटमा परेका ४  विद्यालयका ५।५ जना गरी जम्मा २० जना शिक्षकलाई वार्षिक कार्यतालिकामा निर्माणमा प्र.अ.लाई सहयोग गर्नु हुन्छ ? भन्ने प्रश्नमा १६ जना शिक्षकले सहयोग गर्दछु भन्ने धारणा व्यक्त गरे भने ४ जना शिक्षकले सहयोग गर्दिन भन्ने धारणा व्यक्त गरे । त्यस्तैगरी वार्षिक कार्यतालिका निर्माणमा सहयोग गर्नु हुन्छ ?  भन्ने प्रश्नको उत्तरमा कक्षा संचालनका कार्यतालिका, परीक्षा संचालन समय, अतिरिक्त क्रियाकलाप, लगायत विद्यालयका सरोकारका अन्य महत्वपूर्ण गतिविधि निर्धारणमा सहयोग गर्ने गरेको बताए भने कार्यतालिका निर्माणमा सहयोग गर्नु हुन्न भने किन ? भन्ने प्रश्नको उत्तरमा प्र.अ.ले

विद्यालयका संचालक र प्रधानाध्यापकको दबाबपूर्ण व्यवहारका साथै प्रधानाध्यापकको सल्लाह र परामर्श लिने भन्दा एकपक्षिय रुपमा निर्देशन दिने जस्ता कारणहरुले गर्दा आफुहरुले वार्षिक कार्यतालिका निर्माणमा प्र.अ.लाई सहयोग नगर्ने गरेको बताए । त्यस्तैगरी शिक्षकले बनाउने शिक्षण योजना निर्माणमा प्रधानाध्यापकले के कस्तो सहयोग गर्नु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा वार्षिक कार्यतालिका अनुसारको शिक्षण सिकाइका क्रियाकलापहरु समयमै सम्पन्न गर्न, योजना निर्माणमा देखा परेका समस्याहरु लगायत शिक्षकका अन्य समस्या समाधान गर्न, शिक्षण योजना कार्यान्वयनका लागि शैक्षिक सामाग्री जुटाउनका तथा शिक्षकका आवश्यकता प्राथमिकता अनुसारका अन्य गतिविधिमा सहयोग गर्ने गरेको बताए ।

योजना निर्माण र कार्यान्वयन कुनै पनि शैक्षिक संस्थाको भविष्यको दिर्घकालिन स्तरउन्नति र सुधारका लागि कोशेढुंगा सावित भएको सन्दर्भमा संस्थागत विद्यायहरु उक्त पक्षमा कमजोर नै देखिन्छन् । साथै विद्यालयको आवधिक स्तरउन्नति योजनाको रुपमा रहेका विद्यालय सुधार योजना र शैक्षणिक योजनाका रुपमा रहेका एकाई योजना र पाठ योजना लगायतका योजना निर्माण र कार्यान्वयनमा संस्थागत विद्यालयहरुले योजनाको मर्म आत्मसाथ गरी निर्माण र कार्यान्वयनमा तदारुकता नदेखाएको देखिन्छ । साथै योजना निर्माण र कार्यान्वयनका पक्षमा प्रधानाध्यापक तथा शिक्षकले एक अर्कालाई गर्नु पर्ने सहयोगमा पनि कमि नै पाइन्छ ।

**विद्यालयको सिकाई वातावरण**

यस सम्बन्धमा सरोकारवालाहरु सँग आएको मिश्रित प्रतिकृया अनुसार शैक्षिक स्तरोन्नतीका लागि विद्यालयको सिकाई वातावरणमा सामाजिक आर्थिक राजनितीक अस्वस्थताले गर्दा विद्यालयको सिकाई वातावरण खस्किदो अवस्थामा रहेको छ । प्रभावकारी शिक्षणको लागि उपयुक्त सिकाई वातावरण आवश्यक र विद्यालय शान्त वातावरणमा स्थापना गर्न सामाजिक, राजनितिक र स्वस्थ वातावरण हुनु पर्दछ । आधुनिक शैक्षणिक प्रविधीमा जोड दिई शैक्षिक स्तरोन्नतीमा प्र.अ.ले विद्यालयको सिकाई वातावरण कायम राख्न पूर्ण रुपमा नेतृत्वदायि भूमिका निर्वाह गर्नु पर्दछ । बालमैत्री वातावारण सिर्जना गरी विद्यार्थी केन्द्रित विधीद्वारा शिक्षण सिकाई क्रियाकलाप गराउनु मुख्य भुमिका प्र.अ.र वि.व्य.स. ले खेल्नु पर्दछ ।

**कक्षा सञ्चालन र शिक्षक उपस्थिती**

यस अध्ययनको कममा कक्षा सञ्चालन, शिक्षक उपस्थितीको सम्बन्धमा अध्ययन गर्ने कममा नमुना छनौटमा परेका ४ वटा विद्यालयका १।१ जना प्र.अ. गरी ४ जना र ५।५ जना शिक्षकहरु गरी २० जना र १।१ जना विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु गरी ४ जना संग प्रश्नावली गराउदा एवं अन्तवार्ता गर्दा निम्न बमोजिमको स्थिती पाइयो । तपाई शिक्षकहरु विद्यालयमा नियमित उपस्थित हुनु हुन्छ भन्ने प्रश्नको उत्तरमा नमुना छनोटमा परेका ४ जना प्र.अ. ले प्राय जसो हुनुहुन्छ भन्ने जवाफ दिनुभयो ।

कक्षा सञ्चालन हुनुपर्ने न्यूनतम दिनहरुमा कक्षा सञ्चालन हुने गरेको छ । भन्ने प्रश्नको उत्तरमा नमुना छनौटमा परेका २० जना नै शिक्षकहरुले छ भन्ने जवाफ दिनुभयो । ठीक त्यस्तै प्रश्न तपाइको विद्यालयमा शिक्षा नियमावलीले ताके बमोजिम वार्षिक न्यूनतम दिन कक्षा सञ्चालन हुने गरेको छ भन्ने प्रश्नमा व्यवस्थापन समितिका ४ जना अध्यक्षले नै हुन्छ भन्ने जवाफ दिए ।

माथिको स्थितीलाई विश्लेषण गर्दा संस्थागत विद्यालयहरुमा नियमावलीले तोके वमोजिम वार्षिक न्यूनतम दिन पढाई सञ्चालन हुने गरेको देखिन्छ । कुनै पनि विद्यालयको शैक्षिक प्रगती उक्त विद्यालयमा हुने कक्षा सञ्चालनमा शिक्षक उपस्थितीले केही हदसम्म निर्भर गर्दछ । अहिलेको खराब राजनैतिक र सामाजिक वातावरण तथा त्यसको प्रभाव स्वरुप हुने वन्द आदीले कार्यतालिका अनुसार विद्यालय सञ्चालन गर्न कठिनाई हुदा पनि अतिरिक्त समयमा काम गरेर भए पनि संस्थागत विद्यालयहरुले कक्षा सञ्चालन गरी उचित व्यवस्थापन गरि स्तारोन्नती तिर अग्रसर भएको देखिन्छ ।

**कक्षा अवलोकन निरीक्षण र पृष्ठपोषण**

कक्षा अवलोकन निरीक्षण र पृष्ठपोषण समेत प्र.अ.को सुपरीवेक्षकीय भूमिकामा पर्ने महत्वपूर्ण काम हो । सुपरीवेक्षकको हैसियतले प्रअले शिक्षकहरुको कक्षा अवलोकन गरी सुधारका लागी सुझाव र हौसला दिएमा मात्रै शिक्षकहरुको आफ्नो पेशागत स्तरउन्नतिका साथसाथै लक्ष्य समेत हासिल हुन सघाउ पुऱ्याउँदछ । यस शोध अध्ययन क्रममा पनि प्रअद्वारा शिक्षकको कक्षा

अवलोकन र निरीक्षणका सम्बन्धमा नमूना छनौटमा परेका ४ वटै विद्यालयका प्रअहरुलाई प्रश्नावली भराउँदा निम्न बमोजिमको स्थिती पाईयो ।

नमुना छनौटमा परेका ४ जना संस्थागत विद्यालयका प्रअहहरु मध्ये के शिक्षकको कक्षा अवलोकन गर्नु भएको छ ? भन्ने प्रश्नको उत्तरमा ४ जना मध्ये ४ जनाले नै छ भन्ने जवाफ दिए । कक्षा अवलोकन कहिले कहिले गर्नु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा ३ जना प्रअले धेरै जसो गर्ने बताए भने १ जना प्रअले कहिले काही गर्ने बताए । त्यस्तैगरी कक्षा अवलोकन पश्चात शिक्षकहरुलाई सुधारात्मक पृष्ठपोषण दिनु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा नमूना छनौटमा परेमा ४ जना मध्ये ४ जनाले नै दिन्छु भन्ने उत्तर दिए । कक्षा अवलोकन निरीक्षणको क्रममा के कस्तो पृष्ठपोषण दिने गर्नु भएको छ ? भन्ने प्रश्नको छलफलको क्रममा कक्षा व्यवस्थापन, शिक्षक विद्यार्थी क्रियाकलापलाई प्रभावकारी बनाउने उपाय, शिक्षण विधि र शैक्षिक सामाग्री लगायतका विषयमा पृष्ठपोषण दिने गरेको बताए । तर सोही विषयमा २० शिक्षकहरु सँग गरिएको अन्तक्रियमा ८ शिक्षकहरुले प्रधानाध्यापकले आफुहरुलाई सुझाव र पृष्ठपोषण दिने गरेको बताए तर अन्तक्रियामा ८ शिक्षकहरुले प्रधानाध्यापकले आफुहरुलाई सुझाव र पुष्ठपोषण त दिने गरेको बताए तर केही सुझावहरु विषयबस्तु र विद्यालयको वातावरण सँग कम मेल खाने खालको बताए र बाँकी ४ जना शिक्षकले खासै प्रभावकारी कक्षा अवलोकन पनि नहुने र पृष्ठपोषण पनि राम्रो नहुने बताए ।

कक्षा अवलोकन र निरिक्षणको संख्यात्मक पाटोमा संस्थागत विद्यालयको प्रधानाध्यापकहरुको भुमिका खासै सनतोषजनक देखिदैन साथै कक्षा अवलोकन निरिक्षण पश्चात गर्ने उपयुक्त सुझाव वा पृष्ठपोषणको दृष्टिकोणले हेर्दा उनीहरुमा सुपरीवेक्षण सम्बन्धि पर्याप्त पेशागत क्षमताको अभाव, अप्रजातान्त्रिक कार्यशैली समेत देखिन्छ । फिडलर्सको नेतृत्व सम्बन्धि सिद्धान्त अनुसार कुनै पनि व्यवस्थापक वा नेतृत्वकर्ताले आफ्ना कामदार कर्मचारीको कार्य सम्पादनलाई प्रभावकारी र राम्रो बनाउनका लागि उनीहरुलाई प्रजातान्त्रिक, सहभागितात्मक र मानविय व्यवहार गर्नुपर्दछ । साथै नेतृत्वका लागि राय सल्लाह, सुझाव र विचार विमर्श निर्णय प्रक्रियामा समेत अनुयायीहरुको सहभागितालाई सुनिश्चित गर्ने गर्दछ । नेतृत्वले सबै

परिस्थितिमा एकै किसिमको शैलीबाट परिवर्तन ल्याउन नसक्ने र समयानुसार परिवर्तनशिल भएर गर्न सकेमा प्रभावकारी हुन जाने देखिन्छ ।

शिक्षण सिकाई क्रियाकलापको वास्तविक कार्यथलो कक्षाकोठा भएको तथा प्रधानाध्यापक शैक्षिक निरक्षिक पनि भएको सन्दर्भमा प्रधानाध्यापकले कक्षा अवलोकन र निरीक्षण गरी शिक्षकहरुलाई आफ्नो वास्तविक कार्यथलोमा खरो श्रृजनात्मक रुपमा उत्रन सुझाव र पृष्ठपोषण नितान्त आवश्यक छ । संस्थागत विद्यालयका प्रअहरु उक्त जिम्मेवारी पुरा गर्ने प्रयास गरी रहेको पनि देखिन्छ । तर प्रअहरुमा उपयुक्त सैद्धान्तिक र पेशागत क्षमताका अभावमा उनीहरुमा कक्षा अवलोकन सम्बन्धी पेशागत तालिम दिई कक्षा अवलोकनलाई नेतृत्वदायि अनुकुल समयअनुसार परिवर्तनशिल बनाउन जरुरी छ ।

### समस्यामुलक तथा कमजोर विद्यार्थीका लागी गरिने व्यवस्था

समस्यामूलक तथा कमजोर विद्यार्थीका लागि गरिने थप व्यवस्थाको बारेमा अध्ययन गर्दा निम्न अवस्था देखियो ।

कुनै पनि शैक्षिक संस्थामा विशेष कठिनाई पुर्ण स्थितीबाट गुज्रिएका समस्यामूलक तथा कमजोर विद्यार्थीहरुलाई पनि उनीहरुको अवस्था सुहाँउदो विशेष शैक्षिक कार्यक्रम ल्याई तिनीहरुलई पनि उनीहरुको अवस्था सुहाँउदो विशेष शैक्षिक कार्यक्रम ल्याई तिनीहरुलाई पनि शैक्षिक पथमा सँगै हिड्न पहल गर्नु जिम्मेवारी शैक्षिक संस्थाको दायित्व हो । यस अध्ययनको क्रममा पनि समस्यामूलक तथा कमजोर विद्यार्थीहरुका लागि के कस्ता व्यवस्था गरिएको छ ? भन्ने प्रश्नको उत्तरमा प्राइमरी विद्यालयका शिक्षकहरुले वर्ग विभाजन गरी अतिरिक्त कक्षा लिने, अभिभावकसँग अर्न्तक्रिया, नियमित परामर्श सेवा आदी जस्ता सेवा उपलब्ध गराउने गरेका बताए भने सेकेन्डरी विद्यालयका शिक्षकहरुले कोचिङ्ग कक्षा सञ्चालन गर्ने तालिम प्राप्त शिक्षकको व्यवस्था गरेर कक्षा सञ्चालन गर्ने गरेका बताए ।

माथिको तथ्यलाई विचार गर्दा संस्थागत विद्यालयमा अध्ययन गर्ने समस्यामूलक तथा कमजोर विदार्थीको शैक्षिक स्तरउन्नतीका लागि सामान्य व्यवस्था गरिएता पनि विद्यालय व्यवस्थापनको पहलमा ठोस र प्रभावकारी व्यवस्था भने नभएको देखिन्छ ।

**विद्यार्थी अभिलेख तथा मूल्याङ्कनको अवस्था**

आफ्नो विद्यालयमा अध्ययन गर्ने सम्पूर्ण विदार्थीहरुको अभिलेख राख्ने तथा उचित मुल्याङ्कन प्रणालीका माध्यमबाट निश्पक्ष र सुधारात्मक मूल्याङ्कन गर्ने पनि एउटा सफल शैक्षिक संस्थाको काम हो । यस शोध अध्ययनको क्रममा पनि संस्थागत विद्यालयहरुले कस्तो विद्यार्थी अभिलेख तथा मूल्याङ्कन प्रणाली अपनाएका छन् भन्ने सन्दर्भमा नमुना छनौटमा परेका ४ वटा विद्यालयबाट १।१ जना प्रधानाध्यापक गरी ४ जना तथा ५।५ जना शिक्षकहरु गरी २० जना सँग प्रश्नावली एवम् अर्न्तवार्ताको माध्यमबाट तथ्य प्राप्त भयो ।

विद्यार्थी अभिलेखसँग सम्बन्धि कस्तो खालको अभिलेख राख्ने चलन छ भन्ने प्रश्नका उत्तरमा छनौटमा परेका विद्यालय मध्ये ४ जना नै प्र.अ.हरुले आफ्ना प्रगती सम्बन्धि अभिलेख राख्ने गरेका भने । विद्यार्थीको प्रगती विवरणको लागि सञ्चित अभिलेख, घट्नावृत्त अभिलेख राख्ने गरेको विद्यालयका शिक्षक र प्रअहरुले बताए । त्यस्तै गरी विद्यार्थी मुल्याङ्कनको लागि के कसरी गर्नुभएको छ भन्ने प्रश्नमा नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरु मध्ये शिक्षा विकास शिसु सदनका प्रअले गृहकार्य, कक्षा कार्य, त्रैमासिक परिक्षा, बार्षिक परिक्षा, अर्धबार्षिक परिक्षा लिने गरेको बताए भने सन साइन इङ्गलिस बेर्डिङ स्कुल र मकवानपुर एभरेस्ट का प्रअ र शिक्षकहरुले प्रयोगात्मक परिक्षा, कक्षामा विद्यार्थीको उपस्थिती व्यक्तिगत व्यवहार साप्ताहिक परिक्षा, बार्षिक परिक्षा आदीका आधारमा विदार्थी मुल्याङ्कन गरेको बताए ।

विद्यार्थी अभिलेख र मुल्याङ्कन प्रणाली कुनै पनि शैक्षिक संस्थाको जीवनका महत्वपूर्ण अंग हो । विद्यार्थी मूल्याङ्कन अभिलेखमा भएमा मात्रै शैक्षिक संस्थाले विद्यार्थी र अभिभावक प्रति न्याय गर्न सक्दछ । माथिको विवरण माथि विश्लेषण गर्दा संस्थागत विद्यालयहरुले शैक्षिक प्रगति सम्बन्धि  अभिलेख सन्तोषजनक रुपमा राखेको देखिन्छ । विद्यार्थी सम्बन्धि संचित अभिलेख, घटनागत अभिलेख र अन्य प्रकारका अभिलेख राख्नमा संस्थागत विद्यालयहरु निकै पछाडी परेको देखिन्छ । त्यस्तै गरी विद्यार्थी मूल्याङ्कन तर्फ विभिन्न प्रकारका लिखित परीक्षाहरु ऋनुशासन तथा कक्षा व्यवहार तर्फ बढी भर परेको देखिन्छ ।

शैक्षिक संस्थामा विद्यार्थी मूल्याङ्कन तथा अभिलेख प्रणालीको महत्वलाई आत्मासाथ गरी संस्थागत विद्यालयका प्रधानाध्यापकहरुले विद्यार्थी अभिलेख तथा मूल्याङ्कन प्रणालीलाई बढी

बस्तुनिष्ठ बनाउन आफ्ना सहकर्मी शिक्षकहरुसंग असल समन्वय र सहभागितामा विभिन्न प्रकारका पूर्व अभिलेख प्रयोगात्मक परीक्षा, अवलोकन, अतीरिक्त क्रियाकलाप र विभिन्न प्रकारका मौखिक र लिखत परीक्षा र कक्षा व्यवहारलाई समेत अवलम्बन गरी विद्यार्थी मुल्याङ्कन गर्ने र उक्तः मुल्याङ्कन तथा अभिलेख रिपोर्ट समेतको आधारमा विद्यार्थीको भावि स्तरउन्नतिलाई दिशानिर्देश गर्न खालका शैक्षिक स्तरउन्नतिका कार्यक्रमहरु लागु गर्नु पर्ने देखिन्छ ।

## ४.३ विद्यालयको शैक्षिक उन्नतीमा प्र.अ.तथा वि.व्य.स. को भुमिका

विद्यालय शिक्षण सिकाईमा पार्ने प्रभावहरुलाई खोजी गर्ने क्रममा विभिन्न सरोकारवालाहरुबाट प्राप्त विचारहरुलाई यहा विश्लेषण गरिएको छ ।

### सरोकारवालाहरुसँग सम्बन्ध

समग्र विद्यालयको विकासको लागि प्रत्यक्ष रुपमा सरोकार राख्ने व्यक्तिहरुलाई सरोकारवाला भनिन्छ । वर्तमान अवस्थामा प्र.अ.को. अन्य सरोकारवालासँगको सम्बन्ध जस्तै शिक्षक, अभिभावक, विद्यार्थी आदी सँगको सम्बन्ध सेकेन्डरी विद्यालयमा पाइयो भने प्राइमरि तहमा भने खासै सुमधुर सम्बन्ध पाइएन । सबै विद्यालयहरुमा सरोकारवालाहरुसँग सुमधुर सम्बन्ध कायम गर्न प्रजातान्त्रिक व्यवहार गर्दै आएको पाइयो ।

### कक्षा अवलोकन पछी शिक्षकहरुलाई पृष्ठपोषण प्रदान

संस्थागत विद्यालयमा कक्षा अवलोकनहरु हुँदै नहुने र भएपनि प्रभावकारी नहुने कुरा प्र.अ. शिक्षक एवं विद्यालय निरिक्षकहरुले स्वीकारेको पाइयो । शिक्षकहरुमा अनुसार कक्षा अवलोकन त बेला बेलामा हुने तर त्यो सुधारात्मक एवं समलोचनात्मक भन्दा आलोचनात्मक बढी हुने जसको त्रास शिक्षकहरुमा सदैव हुने हुदा प्र.अ. ले शैक्षिक उन्नतिको लागि कक्षा अवलोकन गरी सुधारको लागि पृष्ठपोषण दिने गरेमा अझ बढी प्रभावकारी हुने कुरामा शिक्षकहरुको गुनासो रहेको पाइयो ।

## शिक्षक तालिम

शिक्षकहरुलाई नयाँ प्रविधिहसँग परिचित गराई सोही अनुरुप शिक्षण गराउनको लागि प्र.अ.ले बेला बेलामा शिक्षक तालिमको व्यवस्था मिलाई सबै शिक्षकलाई तालिममा सामेल गराउदा शैक्षिक उन्नति गर्न सकिन्छ। विज्ञान र प्रविधि र शिक्षामा आएका नयाँ नयाँ विधीहरुका बारेमा सबै शिक्षकहरुलाई तालिमको माध्यमबाट गराउन सके झन शैक्षिक स्तर वृद्धिहुन जान्छ जुन कार्यमा प्र.अ.को शिक्षकहरुलाई तालिममा पढाउन महत्वपूर्ण भुमिका रहन्छ।

## प्रशासनिक नेतृत्व

विद्यालयको शैक्षिक उन्नतिको लागि प्रभावकारी नेतृत्व आवश्यक हुन्छ । प्रधानाध्यापक र वि.व्य.स.ले नै विद्यालयको नेतृत्व गर्ने भएकोले उसँग व्यक्तिगत, सामाजिक एवं पेशागत गुण र क्षमता आवश्यक हुन्छ तर सरोकारवाला विद्यार्थी, अभिभावक शिक्षक र व्यवस्थापन समितिका अध्यक्षसँग प्रश्नावली अवलोकन र छलफल गर्दा दायित्व वाट पन्छिने गरेको अवस्था रहेको पाइयो । विद्यालय सञ्चालनको कममा प्र.अ., व्यवस्थापन समिती, शिक्षक अभिभावक संघ, विद्यालय निरिक्षक जस्ता सफल नेतृत्वले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भुमिका निर्वाह गर्नु पर्दछ तर सरोकारवालाको अनुसार यस्तो अवस्था नरहेको शैक्षिक स्तरोन्नतीमा प्रभाव परेको पाईन्छ।

## शैक्षिक विधी

यस सम्बन्धमा प्रश्नावली छलफल र अवलोकन गर्दा कक्षाकोठामा शिक्षक केन्द्रित वर्णनात्मक विधी प्रयोग भई रहेको अवस्था देखियो जुन शैक्षिक भइसकेका छन्। आज पाठ्यक्रममा केन्द्रित भएर शैक्षिक गुणस्तर अभिवृद्धि निर्धारणमा भई सकेकोले सिकाइको उद्देश्य विषयबस्तु शिक्षण सिकाई प्रकृया र सिकाई उपलब्धीको मुल्याङ्कन एक अर्काबाट छुट्याउन नसकिने तत्व हुन्छ। विद्यार्थी केन्द्रित शिक्षण विधीलाई जोड दिने शिक्षण कियाकलापले सिकाई सरल रोचक, अर्थपूर्ण प्रभावकारी बन्दछ । सिकाइलाइ केन्द्रबिन्दु बनाएर गरेको गरेर सिक्ने प्रकियाबाट गुणस्तरीय शिक्षा निर्माण गर्न सहयोग पुग्दछ । तसर्थ परम्परागत रुपमा सञ्चालित शिक्षक

केन्द्रित विधिको सही अर्न्तक्रियात्मक विधी तथा विद्यार्थी केन्द्रित शिक्षण विधिमा जोड दिइ शैक्षक गुणस्तर अभिवृद्धि तर्फ लैजानु दायित्व प्र.अ. तथा वि.व्य.स. को हुन्छ ।

**मुल्याङ्कन**

विद्यालयमा अहिले विद्यार्थी मूल्याङ्कनको लागि प्रयोग गर्दै आएको अर्धवार्षिक, वार्षिक परीक्षा प्रणाली वाहेक अन्य केही प्रयोगमा नल्याउन सरोकारवालाले दर्शाएका छन् । शिक्षक सिकाईको कममा विदार्थीको उद्देश्य अनुरुप के कति सिके वा सिकेनन् भनेर लेखाजोख ागर्न नियमित र निरन्तर मुल्याङ्कन प्रणाली प्रयोग गर्नुपर्दछ । शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषण पद्धतीलाई सवल, सकिय सुदृढ बनाउनु पर्छ । आजको बदलिँदो परिस्थितीसुचना, सञ्चार तथा प्रविधिको युगमा आएर पनि परम्परागत पेपर पेन्सिलको सट्टा निरन्तर विद्यार्थी मुल्याङ्कन संयन्त्र तथा साधनको प्रयोग गरी गुणस्तर कायम राख्दै गुणस्तर सम्बन्धि सुचिको प्रयोगमा जोड दिई शैक्षिक उन्नतिमा प्र.अ. र वि.व्य.स. अध्यक्ष सदैब सचेत र होसीयार रहनु आवश्यक रहेको छ ।

**४.४ विद्यालयको शैक्षिक व्यवस्थापनमा आईपरेका समस्याहरु**

विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ. र वि.व्य.स अध्यक्षलाई आइपरेका समस्याबारे प्र.अ.हरुसंग र वि.व्य.स. अध्यक्षहरुसंग गरिएको प्रश्नावली, अर्न्तवार्ता तथा छलफलबाट आएको अभिव्यक्तिलाई उप-शिर्षकहरुमा विभाजन गरी निम्नानुसार विश्लेषण गरिएको छ ।

**व्यवस्थापनमा आईपरेका समस्याहरु**

विद्यालयको गुणस्तर अभिवृद्धिमा सरोकारवालको सहभागितामा विद्यालयको सम्पूर्ण व्यवस्थापनहरु शैक्षिक व्यवस्तापन, भौतिक श्रोत , व्यवस्थापन, अन्तर्गत पर्ने भएकोले सम्पूर्ण व्यवस्थापन गर्न जटिल समस्या रहेको छ । विद्यालयको व्यवस्थापन गर्न स्थानिय निकायको जिम्मेवारी दिइसकेको अवस्थामा छनोटमा परेको ४ विद्यालय मध्ये एउटामा मात्र व्यवस्थापन समिति गठन हुन नसेकेको अवस्थाले पनि व्यवस्थापन सम्बन्धि समस्या रहेको देखिन्छ । सिमीत श्रोत र साधनको प्रयोग गरी कार्यलाई सु-व्यवस्थित रुपमा सञ्चालन गर्न कुशल व्यवस्थापकको

अति आवश्यक भएकोले प्र.अ. एमं व्यवस्थापन समितिको अध्यक्षलाई पुर्ण ज्ञान र अनुभवको आवश्यकता रहेकोले सम्बन्धित सबै प्र.अ. व्यवस्थापन सम्बन्धमा सजग हुनु आवश्यक छ ।

**नेतृत्व क्षमता कमि**

संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा आफ्नो भुमिका निर्वाह गर्ने क्रममा प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षले भोगेको समस्याहरुको खोजी गर्ने क्रममा अधिकांश शिक्षकहरुले प्रधानाध्यापक तथा वि.व्य.स. आफैमा समस्या भएको बताए । वास्तवमा नेतृत्व सम्बन्धि ज्ञान नै नभएमा व्यक्ति व्यवस्थापकको अनुग्रहमा सोझै प्रधानाध्यापक हुने र राजनैतिक पहुँचको आधारमा वि.व्य.स. अध्यक्ष हुने भएकाले उनिहरुमा नेतृत्व सम्बन्धि ज्ञान को कमि पनि रहेको शिक्षकहरुले बताए ।

**समुदायबाट सहयोगमा कमि**

संस्थागत विद्यालय भनेकै कुनै व्यक्ति वा कुनै संस्थाको मातहतमा चल्ने निकाय हो । तसर्थ त्यसको विकास सुधार र शैक्षिक उन्नतिमा हाम्रा कुनै भूमिका हुँदैन हामीले विद्यालय मागे जति शुल्क भुक्तानि गरेपछि हाम्रो बाल बच्चाहरुले गुणस्तरिय शिक्षा पाउँछन् र पाउनै पर्छ भन्ने धेरै जस्तो अभिभावक एवं समुदायको सोचाइले गर्दा उचित शिक्षा दिँदै विद्यालय लाई अगाडी बढाउन प्र.अ. एवमं वि.व्य.स. अध्यक्षलाई निकै समस्या हुने पाइएको छ ।

**शैक्षिक सामग्री व्यवस्थापनमा कमी**

वित्तिय पक्षको अध्ययन गर्दा धेरै जस्तो रकम शिक्षक तलब, कर्मचारी तलब शीर्षकमा खर्च हुने निष्कर्ष नमुना छनौटमा परेको विद्यालयको अध्ययनबाट पत्ता लाग्यो । धेरै जस्ता रकम अन्य क्षेत्रमा खर्च हुँदा विद्यालयले शैक्षिक सामग्री खरिदमा धेरै रकम खर्च गर्न नपाएको कुरा प्र.अ. वि.व्य.स. अध्यक्षको अर्न्तवार्ताबाट पत्ता लाग्यो । जसको फलस्वरुप केही हदसम्म विद्यालयले विद्यार्थीहरुलाई पनि गुणस्तरिय शिक्षा दिन नसकेको कुरा पनि अर्न्तवार्ता बाट पत्ता लाग्यो ।

## सेवामुखी सोचको विकास

संस्थागत विद्यालयहरुले शैक्षिक सेवा सुविधा प्रदान गर्ने क्रममा संचालकको नाफामुलक चरित्र भएको कारणले प्रधानाध्यापकहरुलाई समेत काम गर्न अप्ठ्यारो भएको पाइयो । त्यसकारण संस्थागत विद्यालयमा पनि सेवामुखी भावनका विकास हुनुपर्ने र प्रधानाध्यापकलाई त्यहि अनुसारको कार्यमा कम दबाब सिर्जना गर्नाले प्रधानाध्यापकले पनि बिना दबाबमा काम गर्न पाइने पाइयो ।

## शैक्षिक वातावरणको अभाव

विद्यालयको विकासमा अनुकुल किसिमको वातावरण हुनु अत्यन्तै आवश्यक हुन्छ । भने विभिन्न सरकोरवालाहरुको लागि चाहिने तालिम प्राप्त छन्, अनुभविको साथै सम्पूर्ण व्यवस्थापनमा दक्ष कुशल व्यवस्थापक व्यवस्थापनको समितिको अध्यक्ष, पेशा प्रतिबद्ध शिक्षक, निरन्तर अनुगमन, निरीक्षण गर्ने विद्यालय निरिक्षकहरु समस्या प्रति गम्भिर रहने निकायहरुलाइ  शैक्षिक वातावरण मानिन्छ । तर वास्तविकतामा यो नरहेको कुरा शिक्षक तथा प्र.अ.को अर्न्तवार्ताबाट थाहा पाइयो ।

## आवश्यकता अनुसारको भौतिक एवम् शैक्षिक सामाग्रीको कमि

कुनै पनि संगठनमा कार्यरत कर्मचारीहरु तथा सरोकारवालाहरुलाइ संगठन सबै क्रियाकलापमा सहभागी गराउने, दोहोरो र वास्तविक संचार कायम गर्ने, संघ संस्थालाई प्राविधिक र आर्थिक प्रणालीमा मात्र नभै सामाजिक प्रणाली पनि हो भनेर बुझ्ने र संगठनमा एकल नेतृत्व भन्दा मानवीय, प्रजातान्त्रिक र सहभागितापूर्ण नेतृत्वमा जोड दिने, कामदार कर्मचारीको भूमिका स्पष्ट गर्ने र प्रजातान्त्रिक व्यवहार गरी सुमधुर सम्बन्ध स्थापना गराएर, आफ्ना कर्मचारी तथा संगठनका सदस्यहरुको कमी कमजोरी पत्ता लगाई, समन्वय र प्रेरणा पूदान गर्ने , दया, माया, ममता, स्नेह, सम्मान र सत्कार प्रदान गर्ने, योक्ष्यता अनुसार नेतृत्व विकास गराउने र सदस्यहरुको दक्षता बढाउने आदि क्रियाकलाप गर्ने गरेमा उनिहरुमा काम प्रति आफ्नै भावनको विकास गराई संगठनको लक्ष्य प्राप्तिमा समेत सहयोग पुग्ने छ ।

त्यसैले संस्थागत विद्यालयहरुमा देखिएका जनशक्ति व्यवस्थापन, शैक्षिक सामाग्रीको व्यवस्थापन, योजना निर्माण र कार्यान्वयनको अभाव, विद्यालय संचालनमा सरोकारवालाहरुको पर्याप्त संलग्नताको अभाव, मानव सम्बन्ध र गुनासो व्यवस्थापन, प्रजातान्त्रिक र मनोवैज्ञानिक शैक्षिक वातावरणको अभाव आदि समस्याहरु रहेकोले उपरोक्त समस्याहरु विद्यालयका विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी लगायत सम्पूर्ण सरोकारवालाहरुलाई संगठनको सबै क्रियाकलापमा सहभागि गराउने, दोहोरो र वास्तविक संचार कायम गर्ने शैक्षिक संस्थालाई प्राविधिक र आर्थिक प्रणालीमा मात्र नभै संगठनमा एकल नेतृत्व भन्दा मानविय, प्रजातान्त्रिक र सहभागितापूर्ण नेतृत्वमा जोड दिने, कामदार, कर्मचारीको भुमिका स्पष्ट गर्ने र प्रजातान्त्रिक व्वहार गरी सुमधुर सम्बन्ध स्थापना गर्ने, आफ्ना कर्मचारीको तथा संगठनको सदस्यहरुको कमी कमजोरी पत्ता लगाई, समन्वय र प्रेरणा प्रदान गर्ने दया, माया, ममता, स्नेह, सम्मान र सत्कार प्रदान गर्ने, योग्यता अनुसार नेतृत्व स्तरउन्नति गराउने र सदस्यहरुको दक्षता बढाउनुको साथै समयानुसार नेतृत्वशैलीमा परिवर्तन र परिमार्जित गर्नुपर्ने, प्रजातान्त्रिक शैलीबाट नेतृत्व गरेमा अझ बढी प्रभावकारी ढंगवाट उल्लेखित समस्याहरु समाधान गरी संस्थागत विद्यालयहरुलाई सफल रुपमा संचालन गर्न सकिन्छ ।

## ४.५ विद्यालयको शैक्षिक विकासमा प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुलाई आइपरेको समस्याहरुको समाधान

संस्थागत विद्यालयको विकासमा देखापरेको ससस्या समाधानको उपायहरु केके हुन सक्छन् चनी गरिएको प्रश्नमा विभिन्न पक्षहरुले दिएका सुझावहरुको विश्लेषण यहाँ प्रस्तुत गरिएको छ ।

### व्यवस्थापनमा जोड दिनुपर्ने

विद्यालयको शैक्षिक विकासको लागि प्र.अ.लगायतसम्पूर्ण सरोकारवालाको सहभागितामा विद्यालयको सम्पूर्ण व्यवस्थापन शैक्षिक व्यवस्थापन, भौतिक व्यवस्थापन मानविय व्यवस्थापन आदी व्यवस्थापन तर्फ बढी भन्दा बढी ध्यान केन्द्रित गर्नु पर्ने देखिन्छ । विद्यालयको सम्पूर्ण शैक्षिक व्यवस्थापन आदीमा ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । विद्यालयको सम्पूर्ण व्यवस्थापनलाई प्रभावकारी ढंगबाट अगाडी बढाउन विद्यालयमा व्यवस्थापन समितीको गठन गरी नियमित

रुपमा कार्य सञ्चालन गर्नु पर्ने कुरामा जोड दिईन्छ । सिमीत श्रोत र साधनको प्रयोग गरी कामलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न कुशल व्यवस्थापनको अति आवश्यक भएकोले प्र.अ.एवं व्यवस्थापन समितीको अध्यक्षलाई पुर्ण ज्ञान र अनुभवको आवश्यकता रहेकोले सम्बन्धितसबै प्र.अ. तथावि.व्य.स. अध्यक्ष व्यवस्थापन सम्बन्धमा सजग रहनु पर्ने कुरामाजोड दिईन्छ ।

**विद्यालयमा सक्षम नेतृत्व हुनुपर्ने**

सक्षम नेतृत्वले विद्यालयको शैक्षिक विकासमा समस्या आईपरेकोले विद्यालयलाई स्तरयुक्त बनाउनको लागिकुनै पनि स्वार्थ वा पूर्वाग्रह नहेरी सक्षम नेतृत्वलाई प्र.अ.मा र वि.व्य.स. अध्यक्षमा नियुक्ति गर्नु पर्ने कुरामा जोड दिईन्छ । विद्यालयमा एउटा सक्षम नेतृत्वको अभावमा पनि पुरै शैक्षिक देखि सम्पूर्ण व्यस्थापनमा कठिनाई पर्न जाने छ । जसको प्रत्यक्ष असर शैक्षिक विकासमा पर्न जाने हुँदा विद्यालयमा सक्षम नेतृत्वको नियुक्तिको रुपमा प्र.अ. लाई गर्नु पर्ने कुरामा जोड दिईन्छ ।

**समुदाय वा अभिभावकलाई सक्रिय बनाउदै जानुपर्ने**

विद्यालय समुदायको एउटा साझा सम्पत्तिको रुपमा रहेको हुन्छ । जसमा समुदायका सम्पूर्ण व्यक्ति वा अभिभावकहरुले पैसा तिरेपछि स्वत आफ्ना बच्चाहरुलाई गुणस्तरीय शिक्षा प्राप्त गरेका छन् भन्ने सोच भएकाले शैक्षिक स्तर खस्कदै गएको अवस्थामा समुदायको अभिभावक वा अन्य सरोकारवालाहरुले आफ्नो बालबच्चाहरुको शैक्षिक अवस्थामा ध्यान केन्द्रित गरी शैक्षिक विकासमा सकिय भुमिका निर्वाह गर्दै प्र.अ.तथा वि.व्य.स. अध्यक्षलाई विद्यालयको शैक्षिक विकासमा सहयोग गर्नु पर्ने देखिन्छ ।

**पर्याप्त शैक्षिक सामग्रीको उपलब्धता शैक्षिक विकासमा प्रभावकारी भुमिका**

निर्वाह गर्ने प्रमुख तत्व शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी र सिकाई दिगो बनाउनु छ तर यो कुरालाई नै वास्ता गरी शैक्षिक सामग्री निर्माण र खरिदको लागि खासै बजेट नछुट्याइ रहेकोले शैक्षिक व्यवस्थापन र अन्य क्षेत्रमा मात्र छुट्याउन भएकोले शैक्षिक गुणस्तर खस्कदै

गएको अवस्था मा सिकाईलाई दिगो र प्रभावकारी बनाउन पर्याप्त मात्रामा श्रव्य , दृश्य र मुद्रित सामग्रिको व्यवस्था गरी शैक्षिक गुणस्तर बृद्धि गर्नु पर्ने देखिन्छ ।

## नाफामुखी सोचको अन्त्य

संस्थागत विद्यालयलाई पुर्ण रुपमा नाफा कमाउने उद्देश्यले स्थापना गरेको हुँदा शैक्षिकस्तर खस्कदै गएको अवस्था छ । शैक्षिकस्तर वृद्धि गर्न नाफामुखी सोचको अन्त्य भएको हुनु पर्ने देखिन्छ । सञ्चालकहरुका न्यून चेतनाले गर्दा प्र.अ. लाई शैक्षिक गुणस्तर वृद्धि गर्न गाह्रो परेको कुरा श्रोत व्यक्ति विद्यालय निरिक्षकहरु आदीले भन्ने गरेको अवस्थामा वार्षिक नाफालिने उद्देश्यले शैक्षिक संस्थालाई प्र.अ.लाई शैक्षिक वातावरण कायम गर्दे विद्यालयको वातावरण सुदृढ बनाउन नाफा मुखि अन्त्य गरी सहयोग गर्नुपर्ने देखिन्छ ।

## विद्यालयमा शैक्षिक वातावरण कायम

संस्थागत विद्यालयको शैक्षिक विकासमा विभिन्न समय अनुसारको बाधा गरेको अवस्थामा तालिम प्राप्त शिक्षकहरु सक्रिय विद्यालय व्यवस्थापन समिति कुशल नेतृत्व प्र.अ. सक्रिय भुमिका निर्वाह गर्ने अभिभावक आदीले विद्यालयलाई पुर्ण रुपमा राजनैतिक बन्द हडताल आदीबाट टाढै राखी नियमित रुपमा विद्यालयको अनुगमन, निरिक्षण गरी विद्यालयलाई दण्ड दिने गरी पुर्ण रुपमा शैक्षिक वातावरण कायम गर्नुपर्ने देखिन्छ । संस्थागत विद्यालयमा सञ्चालकहरुले दबाब नदिई प्र.अ.लाई एउटा कुशल नेतृत्वका जिम्मा लगाई शैक्षिक वातावरण कायम गर्नु पर्ने कुरामा सहयोग पुऱ्याउनु पर्ने देखिन्छ ।

संस्थागत विद्यालयहरुमा देखिएका नीतिगत समस्या, जनशक्ति व्यवस्थापन र प्रशिक्षणको समस्या, भौतिक तथा शैक्षिक सामाग्री व्यवस्थापनको समस्या, आर्थिक व्यवस्थापनको समस्या, योजना निर्माण र कार्यान्वयनको समस्या आदि समस्याहरु नेतृत्व सम्बन्धि सिद्धान्तको मुल मर्म अनुसार शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक लगायतका विद्यालयका प्रत्यक्ष सरोकारवालाहरुको संलग्नता सहकार्य तथा राज्य तथा समाजको स्पष्ट दृष्टिकोण बाट मात्रै समाधान गर्न सकिन्छ । कुनै एक पक्षको मात्र सक्रियतामा कुनै पनि शैक्षिक संस्थाको उन्नती गर्न चाहनु सपना वाहेक अरु केहि पनि होइन त्यसकारण प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष

नेतृत्वदायि पक्ष भएकोले अवश्यपनि अरुभन्दा बढी जिम्मेवार बन्नुपर्ने र उत्तरदायि हुनुपर्ने कुरामा भने कसैको दुईमत हुन सक्दैन ।

नेतृत्व सम्बन्धी सिद्धान्तको बारेमा फिडलर्सले भने जस्तै समयानुकुल निर्णय क्षमता भएका प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षले प्रजातान्त्रिक एवम् सहभागितामूलक नेतृत्व शैलीको अबलम्बन गरी सम्पूर्ण सरोकारवालाहरुको सल्लाह, सुझाव एवम् सहभागितालाई सुनिश्चित गरी विद्यालयको वृहत्त  एवम दिर्घकालिन हितलाई मध्यनजर गरी निर्णय गर्ने एवम् कार्यान्वयन गर्न सक्ने अवस्था भएमा विद्यालयको समग्र विकासमा कसैको अवरोध आउन सक्दैन ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१ निष्कर्षहरु

शिक्षाका राष्ट्रिय लक्ष्य र उद्देश्य अनुरुप विद्यालय शिक्षाको पाठ्यक्रम कार्यान्वयन गरी बालबालिकालाई प्रभावकारी र गुणस्तरिय ढङ्गबाट शिक्षा प्रदानगर्न विद्यालय व्यवस्थापन कार्यमा प्रभावकारी सुधार गर्न नितान्त जरुरी छ । उपरोक्त कार्यको मुख्य जिम्मेवारी प्र.अ. र वि.व्य.स. अध्यक्षको हुन्छ । माथि उल्लेखित कार्यहरु पुरा गर्न प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षमा कुशल नेता, प्रशासक, योजनाकार, संगठनकर्ता, सुपरीवेक्षक, मूल्याङ्कनकर्ता, समन्वयकर्ता र अनुसरणकर्ता जस्ता गुणहरुको साथ साथै जवाफदेहिता र पारदर्शिता कार्यशैलिमा हुनु अत्यन्त आवश्यक छ । प्र.अ.ले तथा वि.व्य.स. अध्यक्षले आफ्नो जिम्मेवारी पुरा गर्ने क्रममा शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यालय निरीक्षक लगायत सम्पूर्ण सरोकारवालाहरुसँग अति उत्तम सम्बन्ध राखी विद्यालयको समग्र विकासका लागि आर्थिक, भौतिक, शैक्षिक र मानवीय पक्षको व्यवस्थापन गर्नुपर्दछ । अझ संस्थागत विद्यालयहरुको सन्दर्भमा त आर्थिक, भौतिक, शैक्षिक, मानवीय स्रोत साधन जुटाउने र परिचालन गर्ने सम्पूर्ण जिम्मेवारि संस्थागत विद्यालय आफैमा रहेको विद्यमान सन्दर्भमा उक्त विद्यालय व्यवस्थापनको जिम्मेवारि बोकेको प्रमुख व्यक्ति भएका नाताले संस्थागत विद्यालयको प्र.अ. तथा वि.व्य.स. अध्यक्षहरुले थप क्रियाशिल भुमिका निर्वाह आवश्य देखिन्छ । प्रस्तुत शोध अध्ययन पुरा गर्ने क्रममा प्रधानाध्यापकको , वि.व्य.स. अध्यक्षको भूमिका सम्बन्धि सान्दर्भिक विषयहरुको पुनरावलोकन, अर्न्तवार्ता, प्रश्नावली, छलफल र अवलोकनबाट प्राप्त तथ्यहरुको विश्लेषण गर्दा निम्न निष्कर्षहरु निकाल्न सकिन्छ ।

संस्थागत विद्यायहरु भौतिक र शैक्षिक पुर्वाधारका दृष्टिले राम्रै स्थितिमा रहेको देखिन्छ । तापनि उपयुक्त मापदण्डका कक्षाकोठा, फर्निचर, खेल मैदान र खेलकुद सामाग्री, विज्ञान प्रयोगात्मक कोठा र विज्ञान प्रयोगात्मक सामाग्री र पुस्ताकलय व्यवस्थापन आदि अति आवश्यक भौतिक पूर्वाधार सुधारमा अझै विशेष ध्यान दिनुपर्ने देखिन्छ । शिक्षक , विद्यार्थीको नियमितता, कक्षा

संचालन, पाठ्यक्रम कार्यान्वयनको स्थिति र परीक्षाको नतिजा तथा सिकाइ उपलब्धी तर्फ संस्थागत विद्यालयहरुको स्थिति राम्रो छ । तर विषयगत पाठ्यभार अनुसार क्लास विभाजन र साप्ताहिक पाठ्यभारको उपयुक्तता जस्ता पक्षमा थपसुधारको आवश्यकता देखिन्छ । संस्थागत विद्यालयहरुको आर्थिक स्थिति पनि सन्तोषजनक नै देखिन्छ ।

विद्यालयको समग्र पक्षको विकासका लागि बनाउनु पर्ने आवधिक र वार्षिक योजना निर्माण र शैक्षिक विकासका लागि बनाउनुपर्ने एकाई र दैनिक पाठ योजना निर्माण र कार्यान्वयन तर्फ संस्थागत विद्यालयहरु अलि पछिनै परेको देखिन्छ । त्यस्तै गरि शिक्षक कर्मचारीको नियुक्ति प्रणालीमा अपारदर्शित देखिन्छ । जसको कारणले गर्दा शिक्षकहरुको टिकाउदर कमजोर रहनुको साथै पाठ्यक्रम कार्यान्वयनमा समेत असर परेको देखिन्छ । प्रधानाध्यापक र शिक्षकहरुको लागि पर्याप्त पेशागत तालिमको साथसाथै कामको मुल्याङ्कनको आधारमा हुनुपर्ने वृति विकासका अवसर जस्ता पक्षहरुमापनि संस्थागत विद्यालयहरु निकै कमजोर स्थितिमा रहेको देखिन्छ ।

मानवीय सम्बन्ध र गुनासो व्यवस्थापन तर्फ संस्थागत विद्यालयका प्र.अ. तथा वि.व्य.स.हरुको भुमिका कमजोर देखिन्छ । शिक्षक कर्मचारीको गुनासो सुनुवाईको संस्थागत व्यवस्था गरेको देखिदैन भने विद्यालय व्यवस्थापन समितिको बैठक र शिक्षक बैठकहरुमा शैक्षिक क्रियाकलाप र नतिजा सुधार बारे प्रशस्तै छलफल भएको देखिन्छ तर शिक्षक र कर्मचारीको गुनासो र समस्याका बारेमा नगन्य मात्रै छलफल हुने गरेको देखिन्छ ।

विद्यालयमा बालबालिका मैत्री वातावरण र प्रजातान्त्रिक अनुशासनलाई भन्दा कठोर अनुशासन र दवाव मुलक वातावरण रहेको पाईन्छ । विद्यार्थी मूल्यांकन तर्फ विभिन्न प्रकारका लिखित परीक्षामा बढी भर परेको र अर्न्तवार्ता, व्यवहारिक परिवर्तनको अवलोकन अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक परीक्षा लगायत मूल्याङ्कनका अन्य साधनलाई कम जोड दिएको देखिन्छ । त्यस्तैगरि विद्यार्थी अभिलेख तर्फ शैक्षिक प्रगति सम्बन्धि विवरण सबैले राख्ने गरेको पाईन्छ तर संचित अभिलेख, घटनावृत्त अभिलेख लगायत अन्य प्रकारका विद्यार्थी अभिलेख तर्फ शैक्षिक प्रगति सम्बन्धि विवरण सबैले राख्ने गरेको पाइन्छ तर संचित अभिलेख, घटनावृत्त अभिलेख लगायत अन्य प्रकारका विद्यार्थी अभिलेख व्यवस्थापन गर्ने काममा संस्थागत विद्यालयहरु निकै पछि परेको देखिन्छ । साथै समस्यामुलक तथा कमजोर विद्यार्थीको लागि विशेष व्यवस्थार

विद्यार्थी परामर्श सेवा अत्यन्त न्युन र अप्रभावकारी रहेकाले यस्ता विदार्थीलाई उपलब्ध गराइने विशेष व्यवस्थार परामर्श सेवालाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ । प्रधानाध्यापक द्वारा कक्षा अवलोकन र पृष्ठपोषण दिनेकाम पनि खासै सन्तोषजनक देखिदैन । प्रधानाध्यापकमा पर्याप्त पेशागत क्षमता र सिर्जनात्मक सोचमा कमिका कारण कक्षा अवलोकन सुपरिवेक्षणमुखि नभई निरिक्षणमुखी भएको देखिन्छ ।

संस्थागत विद्यालयहरुले विद्यालयको  संस्थागत विकास र विद्यार्थीको शैक्षिक विकासकालागि अभिभावक, शिक्षाप्रेमी, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवालाहरुसँग पर्याप्त मात्रामा सम्बन्ध नराखेको छलफल नगरेको समेत देखिन्छ फलस्वरुप : राजनैतिक सामाजिक क्षेत्रले पनि संस्थागत विद्यालयहरुप्रति पुर्णतः सकारात्मक सोच नराखेको देखीन्छ ।

समग्रमा विद्यालयको समग्र विकास तथा व्यवस्थापनमा प्र.अ. तथा वि.व्य.स. अध्यक्षको भूमिका उत्कृष्ट र प्रभावकारी नभई औसत मात्र भएको पाइयो । त्यसैले विद्यालय व्यवस्थापन एवम् विद्यालयको समग्र विकासमा प्रभावकारी सुधार ल्याउन प्र.अ. तथा वि.व्य.स. अध्यक्षको भुमिकामा पनि प्रभावकारी सुधार ल्याउन जरुरी छ ।

## ५.२ सुझावहरु

यस अध्ययनबाट प्राप्त निष्कर्षहरुको आधारमा संस्थागत विद्यालयको शैक्षिक विकास तथा व्यवस्थापनमा देखा परेका समस्याहरु समाधान गरी थप सुधार र विकासका लागि सम्बन्धित पक्षहरुले नीतिगते तह कार्यान्व्यन तह र अनुसन्धान तह गरी तिन किसिमबाट विभाजन गरी सचिवद्ध गरेर प्रस्तुत गरिएको छ ।

### नीतिगत तह

संस्थागत विद्यालयहरु सेवामुलक संस्था हुन् वा नाफमुलक व्यवसाय कुन क्षेत्रका हुन नीतिगत हिसावले स्पष्ट रुपले छुट्याइ तिनिहरुलाई सोही अनुसार व्यवहार गरिनु पर्दछ साथै संस्थागत विद्यालय सम्बन्धि नीतिगत अस्थिरता हटाउने यस सम्बन्धि छुट्टै र स्पष्ट नीति र नियमहरुको व्यवस्था गरिनु पर्दछ ।

संस्थागत विद्यालयहरुमा शिक्षक नियुक्ति गर्दा देखिएका  समस्याहरु समाधान गर्न स्पष्ट र पारदर्शि प्रक्रिया सुनिश्चित गरी योग्यता क्षमताको आधारमा शिक्षक नियुक्त हुने स्पष्ट कानुनी व्यवस्था गरी निजहरुको काम र क्षमताको आधारमा तलब उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ ।

नेपाल सरकारले संस्थागत विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुलाई पनि अन्य सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षक सरह तालिमको व्यवस्था गर्नुपर्दछ र योग्यता र कामको मुल्याङ्कनको आधारमा वृक्ति विकासका अवसरहरु पनि उपलब्ध गराउदै जानु पर्दछ  ।

संस्थागत विद्यालय अनुगमन र निरिक्षणका लागि छुट्टै प्रभावकारी  र दरिलो संयन्त्रको निर्माण गरिनु पर्दछ । शैक्षिक नेतृत्वलाई सवल र प्रभावकारी बनाउन प्रधानाध्यापकको सुविधा र कामको क्षेत्र बढाउने नीतिगत र कानुनी व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**कार्यान्वयन तह**

संस्थागत विद्यालयका संचालकहरुले व्यवसायिक नाफामुखि मानसिकता त्याग गरी विद्यालयलाई सेवामुलक र जिम्मेवार संस्थाको रुपमा स्थापित गराउन ठोस प्रयास गर्नु पर्दछ । साथै संस्थागत विद्यालयको आम्दानीलाई पारदर्शि गरी आम्दानीको बढी भन्दा बढी भाग शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण गरी विद्यार्थी कै विकासमा लगानी गरिएको सुनिश्चतता गर्नु पर्दछ ।

संस्थागत विद्यालय व्यवस्थापनले शिक्षक नियुक्ति को विषयमा उल्लेखित सवालहरुमा स्पष्ट र पारदर्शि प्रकिया लागु गर्नु पर्दछ र शिक्षकहरुलाई कार्यक्षमताको आधारमा बढुवा तथा वृत्ति विकासका अन्य अवसरहरु उपलब्ध गराउनु पर्दछ ।

संस्थागत विद्यालयहरुले कठोर अनुशासन र परीक्षामुखि शिक्षण पद्धति भन्दा प्रजातान्त्रिक अनुशासन र मनोवैज्ञानिक शिक्षण पद्धति लागु गर्नु पर्दछ । साथै विद्यार्थी मुल्याङ्कन तर्फ विभिन्न प्रकारका लिखित परीक्षामा बढी भर परेको देखिएकाले र अर्न्तवार्ता, व्यवहारिक परिवर्तनको अवलोकन अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक परीक्षा लगायत मुल्याङ्कनका अन्य साधनलाई पनि व्यवहारमा अवलम्बन गर्नु पर्ने देखिन्छ ।

संस्थागत विद्यालयको संस्थापक, संचालक र प्रधानाध्यापकहरुले शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्पूर्ण सरोकारवालाहरुसँग नियमित रुपमा छलफल र अन्तक्रिया गाी उनीहरुको गुनासाहरु सुन्ने तथा उपयुक्त सुझाव ग्रहण गर्ने वातावरण निर्माण गर्नु पर्दछ । साथै आफ्नो आम्दानीको महत्वपूर्ण हिस्सा आफ्ना बाल बच्चाहरुमा लगानी गरेका अभिभावकहरुले विद्यालयका गतिविधि र कार्यशैली प्रतिको चासो र सक्रियता बढाउनु पर्दछ ।

**अनुसन्धान तह**

शैक्षिक गुणस्तर वृद्धिकालागि सबै पक्षहरुलाई विद्यालयमा प्रधानाध्यापक तथा वि.व्य.स. अध्यक्षको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक उपायहरुको अवलम्बन गर्नु पर्छ भन्ने कुरालाई उजागर गर्न सघाउ पुऱ्याउने छ । त्यस्तैगरी प्रधानाध्यापकहरुलाई विद्यालयमा शैक्षिक सुधारका लागि आफ्नो भुमिका पहिचान गर्न र सुदृढिकरण गर्न मार्गनिर्देशन गर्ने छ । साथै संस्थागत विद्यालय व्यवस्थापनसँग सम्बन्धित पक्षहरुलाई आफ्नो विद्यमान भ्मिकामा समिक्षा गर्दै थप सुदृढ र शशक्त भुमिका निर्वाह गर्न सघाउ पुऱ्याउँदछ ।

# सन्दर्भ सामग्रीहरु


कोइराला, विधानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०५७), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, मुकुन्दप्रसाद (२०६१), नेपालमा प्राथमिक शिक्षा, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

विष्ट, मिनबहादुर (२०५५) विद्यालय व्यवस्थापनको शैक्षिक अवस्था, ललितपुरः साझा प्रकाशन ।

शर्मा, महाश्रम (२०६७), शैक्षिक विकेन्द्रिकरण र सामुदायिक विद्यालय व्यवस्थापन, शैक्षिक स्मारिका, भक्तपुरः शिक्षा विभाग ।

पौडेल, लेखनाथ (२०५१), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौं : प्रतिभा पुस्तक भण्डार ।

पोखरेल, बाबुराम (२०६५), शैक्षिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका, अप्रकाशित शोधपत्र, सुर्खेतः शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

शर्मा, महाश्रम लुईटेल डिल्लीराम (२०६२), विद्यालयको व्यवस्थापनमा सामुदायिक संलग्नता, प्रयास र चुनौति, शैक्षिक स्मारिका-२०६२, काठमाडौं : शिक्षा विभाग ।

शिक्षा ऐन (२०२८) तथा शिक्षा नियमाली २०५९ डिल्लीबजार, काठमाण्डौं : सहिष्णु प्रकाशन

शिक्षा विभागको तथ्याङ्क (२०६७) काठमाण्डौं : शिक्षा विभाग, शिक्षा मन्त्रालय

साहा, दीन दयाल प्रसाद २०६९, विद्यालय व्यवस्थापनमा प्रधानाध्यापको भूमिका, विरगंज : अप्रकाशित शोधपत्र

द इनसाइक्लोपेडिया अफ एडुकेशन रिसर्च (१९९७)

## अनुसूची १

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

मैले संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन शिर्षकमा शोध अनुसन्धान गर्न लागेकोले यससँग सम्बन्धित प्रश्नावलीमा यहाँको अमूल्य विचारलाई खुल्ला रुपमा उल्लेख गरी सहयोग गरि सहयोग गरिदीनु हुन सादर अनुरोध गर्दछु । साथै यो प्रश्नावलीसँग सम्बन्धित खुला गर्न नमिल्ने जानकारीहरु गोप्य राख्नेछु भनि प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

शोधकर्ता

पुरुषोत्तम

न्यौपाने

प्रधानाध्यापकको लागि प्रश्नावली

१. कं) तपाईंको व्यक्तिगत परिचय :- ख) योग्यता :-

ग) अध्यापन गर्ने विषय :- घ) शैक्षिक अनुभव :-

ङ) काम गरिरहेको विद्यालय :-

२. तपाइँ विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षकको उपलब्धता कस्तो रहेको छ ?

कं) सन्तोषजनक छ ख) अपुग छ ग) धेरै छ घ) अन्यन्त कम

३. विद्यालयको विकास र शैक्षिक सुधारको लागि के कस्तो योजना निर्माण गरी लागु गर्नुभएको छ ?

क) .......................................

ख) .......................................

ग) .......................................

घ) ......................................

५. तपाईंका विद्यालयका शिक्षकहरुले के कस्तो शैक्षिक योजनाहरु र्गने गरेका छन् ?

क) वार्षिक कार्ययोजना ख) एकाइयोजना ग) पाठयोजना घ) माथिका सबै

६. तपाईंको विद्यालयमा शैक्षिक सामाग्रीहरु कसरी उपलब्ध गराउने गर्नुभएको छ ?

(क) विद्यालयमा नै निर्माण गराउने (ख) बजारबाट खरिद गर्ने

(ग) आवश्यकता अनुसार दुबै (घ) शैक्षिक सामाग्री नै छैन

७. तपाईंको विद्यालयमा सम्बन्धी कस्ता कस्ता अभिलेख राख्ने गर्नुभएको छ ?

(क) घटनावृत्त अभिलेख (ख) संचित अभिलेख (ग) प्रगति विवरण (घ) अन्य .....

८. तपाईंले दैनिक कार्य सञ्चालनका क्रममा कस्ता कस्ता समस्या अनुभव गर्नुभएको छ ?

(क) दिन्छु (ख) समयनै मिल्दैन

९. तपाइँ दैनिक कार्यसञ्चालनका क्रममा कस्ता कस्ता समस्या अनुभव गर्नुभएको छ ?

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) ........................

१०. तपाईंको विद्यालयको विकासमा समस्या समाधानका सहज उपायहरु के के हुन सक्छन् ?

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) .......................

# अनुसूची २

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

मैले संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन शिर्षकमा शोध अनुसन्धान गर्न लागेकोले यससँग सम्बन्धित प्रश्नावलीमा यहाँको अमूल्य विचारलाई खुल्ला रुपमा उल्लेख गरी सहयोग गरि सहयोग गरिदीनु हुन सादर अनुरोध गर्दछु । साथै यो प्रश्नावलीसँग सम्बन्धित खुला गर्न नमिल्ने जानकारीहरु गोप्य राख्नेछु भनि प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

शोधकर्ता

पुरुषोत्तम

न्यौपाने

शिक्षकहरुका लागि प्रश्नावली :

१. तपाईंको व्यक्तिगत परिचय :

(क) नाम :　　(ख) शैक्षिक योग्यता

(ग) शिक्षण गरिरहेका तह :　　(घ) अनुभव :

(ङ) विद्यालयको नाम :　　(च) शिक्षण

२. तपाईं एउटा संस्थागत विद्यालयको शिक्षण भएकोमा कस्तो अनुभव गरिरहनु भएको छ ?

(क) पूर्ण सन्तुष्ट छु　　(ख) ठिकै छ　　(ग) असन्तुष्ट छु

३. तपाईंलाई प्र.अ. ले दिएको कार्यभार तपाईंले सफलतापूर्वक पुरा गर्नु भएको छ ?

(क) गरेको छु　　(ख) गर्ने प्रयास गरेको छु　　(ग) सकेका छैन

४. तपाईको विद्यालयको प्रमुख आय श्रोत के हो ?

(क) शुल्क　　(ख) चन्दा　　(ग) गुठी

५. तपाइँ विद्यालयका प्र.अ. विद्यालयको शैक्षिक व्यवस्थापनका लागि कस्तो खालको योजना निर्माण

गरेर लागु गर्ने भएको छ ?

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) ........................

६. बार्षिक कार्यतालिका निर्माणमा प्र.अ.लाई सहयोग गर्ने गर्नुभएको छ ?

(क) छ (ख) छैन

७. तपाईले कस्ता कस्ता शैक्षिक योजनाहरु निर्माण गर्ने गर्नु भएको छ ?

(क) वार्षिक योजना (ख) एकाई योजना (ग) पाठयोजना (घ) माथिका सबै

८. तपाईको विद्यालयमा स्टाफ मिटिंङ कहिले कहिले हुन्छ ?

(क) मासिक रुपमा व्यवस्था (ख) द्वैमासिक रुपमा (ग) आबश्यकता अनुसार (घ) मिटिङ्ग

९. समस्यामूलक एवम् कमजोर विद्यार्थीहरुका लागि के कस्तो व्यव्स्था गर्नुभएको छ ?

(क) थप कक्षाको व्यवस्था (ख) कक्षाकोठामा नै विशेष व्यवस्था

(ग) त्यस्तो केही व्यवस्था छैन

१०. तपाइँ प्र.अ. बाट कक्षा अवलोकन पश्चात के कस्तो उत्प्रेरणा एवम् पृष्ठपोषण पाउनु हुन्छ ?

(क) सकारात्मक , सुधारात्मक (ख) नकारात्मक (ग) कक्षा अवलोकन हुँदैन

११. विद्यालयका समस्या समाधान गर्नको लागि प्र.अ. तथा वि.व्य.स. अध्यक्षबाट कस्तो भूमिका निर्वाह गर्नु पर्छ जस्तो लाग्छ ?

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) ........................

# अनुसूची ३

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

मैले संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन शिर्षकमा शोध अनुसन्धान गर्न लागेकोले यससँग सम्बन्धित प्रश्नावलीमा यहाँको अमूल्य विचारलाई खुल्ला रुपमा उल्लेख गरी सहयोग गरि सहयोग गरिदीनु हुन सादर अनुरोध गर्दछु । साथै यो प्रश्नावलीसँग सम्बन्धित खुला गर्न नमिल्ने जानकारीहरु गोप्य राख्नेछु भनि प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

शोधकर्ता

पुरुषोत्तम

न्यौपाने

विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली :

१. तपाईँको व्यक्तिगत परिचय :

(क) नाम : (ख) शैक्षिक योग्यता

(ग) अनुभव : (घ) विद्यालयको नाम :

२. तपाईको विद्यालयको प्र.अ. ले विद्यालयको व्यवस्थापनमा निर्वाह गरिरहेको भूमिका प्रति तपाई

सन्तुष्ट हुनुहुन्छ ?

(क) पूर्ण सन्तुष्ट (ख) ठिकै (ग) सन्तुष्ट छैन

३. तपाईको दृष्टिकोणमा यस विद्यालय प्र.अ. को सबल र दुर्वल पक्षहरु केके हुन् ?

सबल पक्षहरु दुर्वल पक्षहरु

(क) ........................ (क) ........................

(ख) .......................                (ख) .......................

(ग) ........................                (ग) ........................

४. तपाईको विद्यालयमा वि.व्य.स. बैठक कहिले बस्ने गर्दछ ?

(क) मासिक        (ख) द्वैमासिक        (ग) आवश्यकता अनुसार

५. वि.व्य.स. बैठक प्र.अ.ले कस्ता विषयको उठान गर्ने गर्नुहुन्छ ?

(क) शैक्षिक सुधार सम्बन्धी    (ख) आर्थिक पक्षसँग सम्बन्धित    (ग) समग्र विकाससँग सम्बन्धित    (घ) निष्कृय रहनु हुन्छ ।

६. तपाईको विद्यालयमा शिक्षक एवम् कर्मचारी कल्याण सम्बन्धी कस्ता कस्ता कार्यक्रमहरु सञ्चालित छन् ।

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) ........................

७. शिक्षा नियमावलीले तोके बमोजिम कक्षा सञ्चालन हुने अवस्था नभएमा कस्तो बैकल्पिक व्यवस्था गर्ने गर्नुभएको छ ?

(क) वर्षे विदामा कक्षा चलाउने    (ख) विहान बेलुका अतिरिक्त कक्षा चलाउने

(ग) सार्वजनिक विदामा कक्षा सञ्चालन गर्ने    (घ) व्यवस्था छैन

८. विद्यालय व्यवस्थापनका क्रममा तपाईंले महशुस गर्नुभएका समस्या एवम् चुनौतिहरु के के हुन् ?

(क) ........................

(ख) .......................

(ग) ........................

९. विद्यालयको वर्तमान समस्या समाधानमा प्र.अ.ले निर्वाह गर्नु पर्ने थप भूमिकाहरु के के हुन् सक्छन् ?

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) ........................

१०. विद्यालयले भोगिरहेको समस्याका सहज समाधानहरु के के हुन सक्छन् ?

(क) ........................

(ख) .......................

(ग) ........................

(घ) ........................

धन्यवाद ।

# अनुसूची ४

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

### विद्यालय अवलोकन फारम

विद्यालयको नाम :

ठेगाना : मिति :

१. भौतिक अवस्थाः

क) जम्मा भवन संख्या ख) कक्षाकोठा

ग) अन्य कोठाहरु घ) जम्मा कोठा संख्या

२. पुस्तकालयः

क) उत्तम ख) राम्रो

ग) नराम्रा

३. विज्ञान प्रयोगशाला

छ छैन

४. खानेपानी

क) शुद्ध र व्यवस्थित ख) अशुद्ध र अव्यवस्थित

५. शैक्षिक व्यवस्थापनको अवस्था

क) राम्रो ख) नराम्रो

ग) ठिकै

६. तालिम प्रयोगको अवस्था

क) उत्तम ख) नभएको गं)
अव्यवस्थित

७. शैक्षिक व्यवस्थापनमा देखिएका समस्या :

१) २) ३)

८. प्रशासनिक अवस्था

क) राम्रो ख) नराम्रो ग) ठिकै

१०. कक्षाकोठामा अलवम्वन गरिएको मूल्याङ्कन प्रणाली

क) निर्माणात्मक ख) निर्णयात्मक
ग) दुवै ११.शिक्षकहरुले लिएको तालिम

क) तालिम प्राप्त ख) अप्राप्त

१२. समूह/दवाव व्यवस्थापन रणनीति

क) प्राचार्यद्वारा अवलम्वन गरिएको ख) वि.व्य.स. को निर्णय अनुसार

ग) आपसी छलफलमा घ) राजनैतिक दवावद्वारा निर्णय गरिने

# अनुसूची ५

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

विद्यालय अवलोकनको लागि रुजु सूची

विद्यालयको नाम : शिक्षा विकास शिशु सदन

| क्र.सं. | शिर्षक | धेरै राम्रो | राम्रो | मध्यम | कमजोर | अति कमजोर |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | | | | | |
| २ | कक्षा सञ्चालनका लागि छुट्टाछुट्टै | | | | | |
| ३ | आवश्यक फर्निचरको व्यवस्था | | | | | |
| ४ | भेन्टिलेशन व्यवस्था | | | | | |
| ५ | समूह कार्यको लागि छुट्टै कक्षाकोठा | | | | | |
| ६ | पुस्ताकलयको व्यवस्था | | | | | |
| ७ | विद्यार्थी संख्या अनुसार कक्षाकोठा | | | | | |
| ८ | खेलमैदानको व्यवस्था | | | | | |
| ९ | खेलकुद सामाग्रीको अवस्था | | | | | |
| १० | खानेपानीको व्यवस्था | | | | | |
| ११ | शैचालयको व्यवस्था | | | | | |
| १२ | विद्यालय वरिपरी सरसफाई | | | | | |
| १३ | फूलबारी एवम् बगैंचा निर्माण | | | | | |
| १४ | कम्पाउण्डको व्यवस्था | | | | | |
| १५ | शैक्षिक सामाग्रीको व्यवस्था | | | | | |
| १६ | विज्ञान प्रयोगशाला | | | | | |
| १७ | छुट्टै अफिस कोठाको व्यवस्था | | | | | |
| १८ | आयव्यय विवरण | | | | | |
| १९ | अफिस सजावट तथा व्यवस्थापन | | | | | |
| २० | शिक्षकको नियमितता | | | | | |
| २१ | बिद्यार्थिको नियमितता | | | | | |
| २२ | टिफिन एवम् क्यान्टिनको व्यवस्था | | | | | |
| २३ | विषयगत पाठ्यभार अनुसार कार्यविभाजन | | | | | |
| २४ | साप्ताहिक कार्यभारको उपयुक्तता | | | | | |
| २५ | विद्यार्थी अनुशासन | | | | | |
| २६ | शिक्षक विद्यार्थी अनुपात | | | | | |
| २७ | विद्याथी भर्ना | | | | | |
| २८ | परीक्षा सञ्चालन | | | | | |
| २९ | विद्यार्थी एवम् अभिभावक परामर्श सेवा | | | | | |

स्रोत : विद्यालय स्थलगत सर्वेक्षण, २०८१

# अनुसूची ६

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

विद्यालय अवलोकनको लागि रुजु सूची

विद्यालयको नाम : सन साइन ईङ्गलिस बोर्डिङ स्कुल

| क्र.सं. | शिर्षक | धेरै राम्रो | राम्रो | मध्यम | कमजोर | अति कमजोर |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | | | | | |
| २ | कक्षा सञ्चालनका लागि छुट्टाछुट्टै | | | | | |
| ३ | आवश्यक फर्निचरको व्यवस्था | | | | | |
| ४ | भेन्टिलेशन व्यवस्था | | | | | |
| ५ | समूह कार्यको लागि छुट्टै कक्षाकोठा | | | | | |
| ६ | पुस्ताकलयको व्यवस्था | | | | | |
| ७ | विद्यार्थी संख्या अनुसार कक्षाकोठा | | | | | |
| ८ | खेलमैदानको व्यवस्था | | | | | |
| ९ | खेलकुद सामाग्रीको अवस्था | | | | | |
| १० | खानेपानीको व्यवस्था | | | | | |
| ११ | शैचालयको व्यवस्था | | | | | |
| १२ | विद्यालय वरिपरी सरसफाई | | | | | |
| १३ | फूलबारी एवम् बगैंचा निर्माण | | | | | |
| १४ | कम्पाउण्डको व्यवस्था | | | | | |
| १५ | शैक्षिक सामाग्रीको व्यवस्था | | | | | |
| १६ | विज्ञान प्रयोगशाला | | | | | |
| १७ | छुट्टै अफिस कोठाको व्यवस्था | | | | | |
| १८ | आयव्यय विवरण | | | | | |
| १९ | अफिस सजावट तथा व्यवस्थापन | | | | | |
| २० | शिक्षकको नियमितता | | | | | |
| २१ | बिद्यार्थिको नियमितता | | | | | |
| २२ | टिफिन एवम् क्यान्टिनको व्यवस्था | | | | | |
| २३ | विषयगत पाठ्यभार अनुसार कार्यविभाजन | | | | | |
| २४ | साप्ताहिक कार्यभारको उपयुक्तता | | | | | |
| २५ | विद्यार्थी अनुशासन | | | | | |
| २६ | शिक्षक विद्यार्थी अनुपात | | | | | |
| २७ | विद्याथी भर्ना | | | | | |
| २८ | परीक्षा सञ्चालन | | | | | |
| २९ | विद्यार्थी एवम् अभिभावक परामर्श सेवा | | | | | |

स्रोत : विद्यालय स्थलगत सर्वेक्षण, २०८१

## अनुसूची ७

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

विद्यालय अवलोकनको लागि रुजु सूची

विद्यालयको नाम : मकवानपुर एभरेस्ट ईङ्गलिस बोर्डिङ स्कुल

| क.सं. | शिर्षक | धेरै राम्रो | राम्रो | मध्यम | कमजोर | अति कमजोर |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | | | | | |
| २ | कक्षा सञ्चालनका लागि छुट्टाछुट्टै | | | | | |
| ३ | आवश्यक फर्निचरको व्यवस्था | | | | | |
| ४ | भेन्टिलेशन व्यवस्था | | | | | |
| ५ | समूह कार्यको लागि छुट्टै कक्षाकोठा | | | | | |
| ६ | पुस्ताकलयको व्यवस्था | | | | | |
| ७ | विद्यार्थी संख्या अनुसार कक्षाकोठा | | | | | |
| ८ | खेलमैदानको व्यवस्था | | | | | |
| ९ | खेलकुद सामाग्रीको अवस्था | | | | | |
| १० | खानेपानीको व्यवस्था | | | | | |
| ११ | शैचालयको व्यवस्था | | | | | |
| १२ | विद्यालय वरिपरी सरसफाई | | | | | |
| १३ | फूलबारी एवम् बगैंचा निर्माण | | | | | |
| १४ | कम्पाउण्डको व्यवस्था | | | | | |
| १५ | शैक्षिक सामाग्रीको व्यवस्था | | | | | |
| १६ | विज्ञान प्रयोगशाला | | | | | |
| १७ | छुट्टै अफिस कोठाको व्यवस्था | | | | | |
| १८ | आयव्वय विवरण | | | | | |
| १९ | अफिस सजावट तथा व्यवस्थापन | | | | | |
| २० | शिक्षकको नियमितता | | | | | |
| २१ | बिद्यार्थिको नियमितता | | | | | |
| २२ | टिफिन एवम् क्यान्टिनको व्यवस्था | | | | | |
| २३ | विषयगत पाठ्यभार अनुसार कार्यविभाजन | | | | | |
| २४ | साप्ताहिक कार्यभारको उपयुक्तता | | | | | |
| २५ | विद्यार्थी अनुशासन | | | | | |
| २६ | शिक्षक विद्यार्थी अनुपात | | | | | |
| २७ | विद्याथी भर्ना | | | | | |
| २८ | परीक्षा सञ्चालन | | | | | |
| २९ | विद्यार्थी एवम् अभिभावक परामर्श सेवा | | | | | |

स्रोत : विद्यालय स्थलगत सर्वेक्षण, २०८१

## अनुसूची ८

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

विद्यालय अवलोकनको लागि रुजु सूची

विद्यालयको नाम : एपिकल एकेडेमी

| क.सं. | शिर्षक | धेरै राम्रो | राम्रो | मध्यम | कमजोर | अति कमजोर |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | | | | | |
| २ | कक्षा सञ्चालनका लागि छुट्टाछुट्टै | | | | | |
| ३ | आवश्यक फर्निचरको व्यवस्था | | | | | |
| ४ | भेन्टिलेशन व्यवस्था | | | | | |
| ५ | समूह कार्यको लागि छुट्टै कक्षाकोठा | | | | | |
| ६ | पुस्ताकलयको व्यवस्था | | | | | |
| ७ | विद्यार्थी संख्या अनुसार कक्षाकोठा | | | | | |
| ८ | खेलमैदानको व्यवस्था | | | | | |
| ९ | खेलकुद सामाग्रीको अवस्था | | | | | |
| १० | खानेपानीको व्यवस्था | | | | | |
| ११ | शैचालयको व्यवस्था | | | | | |
| १२ | विद्यालय वरिपरी सरसफाई | | | | | |
| १३ | फूलबारी एवम् बगैंचा निर्माण | | | | | |
| १४ | कम्पाउण्डको व्यवस्था | | | | | |
| १५ | शैक्षिक सामाग्रीको व्यवस्था | | | | | |
| १६ | विज्ञान प्रयोगशाला | | | | | |
| १७ | छुट्टै अफिस कोठाको व्यवस्था | | | | | |
| १८ | आयव्वय विवरण | | | | | |
| १९ | अफिस सजावट तथा व्यवस्थापन | | | | | |
| २० | शिक्षकको नियमितता | | | | | |
| २१ | बिद्यार्थिको नियमितता | | | | | |
| २२ | टिफिन एवम् क्यान्टिनको व्यवस्था | | | | | |
| २३ | विषयगत पाठ्यभार अनुसार कार्यविभाजन | | | | | |
| २४ | साप्ताहिक कार्यभारको उपयुक्तता | | | | | |
| २५ | विद्यार्थी अनुशासन | | | | | |
| २६ | शिक्षक विद्यार्थी अनुपात | | | | | |
| २७ | विद्याथी भर्ना | | | | | |
| २८ | परीक्षा सञ्चालन | | | | | |
| २९ | विद्यार्थी एवम् अभिभावक परामर्श सेवा | | | | | |

स्रोत : विद्यालय स्थलगत सर्वेक्षण, २०८०

# अनुसूची ९

## संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापन

अध्ययनका लागि छनोटमा परेका विद्यालय र व्यवस्थापन समितिका अध्यक्षहरुको नामावली

| क.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम थर | वि.व्य.स. अध्यक्षको नाम थर |
|---|---|---|---|
| १ | शिक्षा विकास शिशु सदन | ग्रेस श्रेष्ठ | प्रदिप लाल श्रेष्ठ |
| २ | सन साइन इङ्ग्लिस बोर्डिङ स्कुल | राज कुमार नहर्की | हरिकृष्ण बर्तौला |
| ३ | मकवानपुर एभरेस्ट स्कुल | आशिष कार्कि | हरिशरण पाठक |
| ४ | एपिकल एकेडेमी | अरबिन्द झा | कृष्ण निरौला |